नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

वर्ष २ ● अंक ५६ ● २०८० साल पुष २८ गते शनिबार ● Saturday 13, January 2024 ● सूर्योदय: बिहान ६:५५ बजे ● सूर्यास्त: साँझ ५:२६ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

# मुख्यमन्त्रीको एक वर्ष

## सहकर्मीहरु नै असन्तुष्ट, भ्रष्टाचाररहित तर विकासको गति सुस्त





*सरकारसँग काम गर्न स्रोत र अधिकार चाहिने भएकाले चुनौतीमा काम गरिहेको छ । सरकारले सबै कुरा एक वर्षमा पूरा गर्न नसक्ने भएकाले अपेक्षाकृत राम्रै काम गरिरहेको छ ।*
***–जितेन्द्र सोनल, नेता, लोसपा***



*सरकारले बजेट ल्याएको सात महिना बित्दासमेत कार्यान्वयन गर्न सकेको छैन, योजना र कार्यक्रम कार्यान्वयनमै ढिलासुस्ती भएकाले सरकार सफल भन्न सकिने आधार देखिएको छैन ।*
***–राम सरोज यादव, नेपाली कांग्रेस***



*सरकारले बाहिर ठूला र चर्को भाषण गरेको जस्तो देखिन्छ तर सरकारको काम गर्ने शैली नै ठीक छैन । बुलेट टे«न जस्तो काम गर्छु भनिरहे पनि कुछवाको गति छाडेको छैन ।*
***–भरत साह, नेकपा माओवादी केन्द्र***



*सरकारमाथि एक वर्षमा भ्रष्टाचारको कुनै आरोप नलाग्नु अनि रकमान्तरणका विषयमा उठेका विवादमा छानबिन समिति बनाउनु सरकार भ्रष्टाचारप्रति कठोर रहेको सन्देश प्रवाह भएको छ ।*
***–मनिष सुमन, उपनेता, जसपा संसदीय दल***



*सरकारको काम गर्ने शैलीले संघीयतामाथि नै पटकपटक प्रश्न खडा गरेको छ । बजेट कार्यान्वयन गर्न नसक्ने सरकारले सुशासनको कुरा मात्रै गरिरहेको छ । जनतामा सरकारको अनुभूति छैन ।*
***–सरोजकुमार यादव, संसदीय दलका नेता, नेकपा एमाले***

**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
मुख्यमन्त्री सरोजकुमार यादवले गतवर्ष प्रदेश सभाको वार्षिकोत्सव अवसरमा आयोजना गरिएको कार्यक्रममा प्रदेशको विकास अब बुलेट ट्रेनको गतिमा अगाडि बढ्ने भाषण दिएका थिए । तर त्यो भाषण दिएको एक वर्ष बित्दासमेत सरकारले विकास निर्माणमा गतिशीलताका साथ अगाडि बढ्न सकेको छैन भने कानुन निर्माणमा पनि पाइलो दरिलोरुपमा अगाडि बढाउन सकेको छैन ।

सरकार गठनको एक वर्ष बित्दासमेत कामको प्राथमिकता निर्धारण नभएको जस्तो देखिन्छ । विकासको गति अगाडि बढाउनेमा पनि अलमल नै देखिन्छ । मुख्यमन्त्री यादवले विगतका सरकारले बढाएको योजनालाई समेत अगाडि बढाउन ध्यान दिएका छैनन् भने विकासको काममा नै अलमल नै छ । सरकार सुशासनमा अगाडि बढेको जस्तो देखिए पनि विगतमा विभिन्न समितिले दिएको सुझाव लत्याउँदै अगाडि बढेको पाइएको छ । सरकारले आफ्नो कामलाई गति दिन सकेको छैन भने प्रदेश सभासमेत गतिहीन बनेको छ । जसले जनतामा सरकारको अनुभूति दिलाउन सरकार असफलजस्तै देखिएको छ ।

विगतका सरकारले चलाएको कतिपय योजनालाई सरकारले निरन्तरता दिएको छैन भने आफ्नोसमेत कुनै खासै गौरवका योजना सञ्चालनमा ल्याउन सकेको छैन । विगतकै सरकारले प्रहरी समायोजन र निजामती ऐनसहितको मागमा यो सरकारले पनि सफलता पाउन सकेको छैन । यसका लागि दबाबमुलूक कार्यबाहेक सरकारले खासै कुनै ठोस काम गर्न नसकेको सत्तारुढ दलका संसदहरुकै कथन छ ।

प्रहरी समायोजन ऐन संघीय संसदबाट पारित भएर २०७६ माघ २८ गते प्रमाणीकरण भइसक्दा पनि संविधानको अनुसूची ६ बमोजिम नेपाल सरकारले प्रदेशलाई हस्तान्तरण गर्नुपर्ने प्रहरी प्रशासन, कर्मचारी तथा संरचनाको हस्तान्तरण हुनसकेको छैन । यसले संविधानले प्रदान गरेको शान्तिसुरक्षाजस्ता प्रदेशको एकल अधिकारका विषय प्रभावकारी कार्यान्वयन हुनसकेको छैन । यो मुद्दालाई सरकारले प्राथमकिताका साथ उठाउदै प्रधानमन्त्रीलाई ज्ञापनपत्रसहित दबाब दिए पनि विकासका काम भने सुस्त छ ।

जनता समाजवादी पार्टीका संसदीय दलका उपनेता मनिष सुमनले सरकारमाथि एक वर्षमा भ्रष्टाचारको कुनै आरोप नलाग्नु सरकारको उपलब्धी रहेको बताए । उनले रकमान्तरणका विषयमा उठेका विवादमा सरकारले गम्भीरताका साथ छानबिन समिति बनाएको र यसले सरकार भ्रष्टाचारप्रति कठोर रहेको सन्देश प्रवाह गरेको बताए । उनले संघीयता कार्यान्वयनमा सरकारले आफ्नो तर्फबाट सक्दो प्रयास गरिरहेको बताउँदै यसका लागि प्रहरी समायोजन र कर्मचारीको विषयमा सरकारले एक वर्षमा दबाबमूलक कार्य गरेको जिकिर गरे ।

प्रदेश सभा गतिशील बनाउने जिम्मेवारीसमेत प्रदेश सरकारको काँधमा छ । प्रदेश सभामा उठ्ने गरेका विषयवस्तुलाई समेत सरकारले सम्बोधन गराउन अगाडि बढने दायित्वसमेत सरकारको हो । सुमनले भने, 'प्रदेशमा विधेयक दिने कामसमेत सरकारको हो तर यसमा सरकार गम्भीर नै भएको देखिँदैन, एक वर्षमा सरकारले पाँच वटा विधेयक प्रदेश सभामा दर्ता गराएको छ भने प्रदेशको बैठक समेत मुस्किलले ४५ वटा बसेको छ, यसले सरकारले आफनो दायित्ववोध नै गर्न सकेको छैन ।'

सुमनले बजेट आउँदासमेत सरकारले कुनै गौरवका योजनासमेत ल्याउन नसकेको

बाँकी पृष्ठ २ मा

# गोलबजारका मेयर पाँच लाखको जग्गा २२ लाखमा किन्दै



**अर्जुन थपलिया**
**सिरहा ।**
गोलबजार नगरपालिकाका नगर प्रमुख श्याम श्रेष्ठले वडा नम्बर ७ लाई सहरीकरण गर्ने नाममा परिवारजनको जग्गाको मूल्य वृद्धि गराउने दूरगामी योजना (मास्टर प्लान) बनाएको पाइएको छ । वडा नम्बर ७ चोह्र्वास्थित पशु बजारका लागि श्रेष्ठका भाञ्जा प्रमोद श्रेष्ठको १५ कठ्ठा जग्गा नगरपालिकाले खरिद गर्न लागेको हो ।

पशु हाट बजारदेखि उत्तरपश्चिम कुनामा रहेको सडकले नछोएको जोतसिम जग्गा प्रतिकठ्ठा २२ लाख रुपैयाँका दरले ३ करोड ३० लाख रुपैयाँमा नगरपालिकाले खरिद प्रकृया अगाडि बढाएको छ । यसका लागि वडा नम्बर ७ र ८ का वडाध्यक्ष र समर्थकबाट मुचुल्का उठाइ सकिएको पाइएको छ । मालपोत, बैंक र नापी कार्यालयसँग अन्तिम मूल्यांकन प्रतिवेदन संकलन गरेपछि जग्गााको भुक्तानी जिल्ला प्रशासन कार्यालय सिरहामार्फत गर्ने र जग्गा नगरपालिकाका नाममा दाखिल खारिज गर्ने प्रकृया अघि बढाइने तयारी छ ।

जग्गा प्राप्ति ऐनअनुसार नगरपालिकाले जग्गा लिँदा सर्वप्रथमतः नगर कार्यपालिकाबाट निर्णय गरिनुपर्छ । नगर कार्यपालिकाको निर्णय नगर परिषद्बाट अनुमोदन गरिनुपर्छ । तत्पश्चात जिल्ला प्रशासन कार्यालयसमेतको सिफारिस लिएर स्थानीय विकास मन्त्रालयमा पेस गरिनु पर्छ । स्थानीय विकास मन्त्रालयले मन्त्रिपरिषद्मा निर्णयार्थ पठाउनु पर्छ । मन्त्रिपरिषद्को स्वीकृतिपश्चात जग्गा खरिद गर्न नगरपालिकाले प्रकृया अगाडि बढाउनु पर्छ । मेयर श्रेष्ठको भनाइअनुसार यहाँसम्मको सबै प्रकृया पूरा भइसकेको छ । मन्त्रिपरिषद्ले स्वीकृति प्रदान गरेपछि गोलबजार नगरपालिकाले निःशुल्क जग्गा दिने कोही छन् भने प्रस्ताव पेस गर्न सूचना निकाल्नु पर्छ । तोकिएको मितिमा निःशुल्क जग्गा दिने दाता कोही आएनन् भने मात्र जग्गा खरिद गर्ने र मूल्यसहित जग्गा दिन चाहनेका लागि प्रस्ताव गर्न सूचना प्रकाशित गरिन्छ । यी दुई प्रकृया पनि पूरा गरिएको बताइएको छ । तर यी सूचना बाहिर प्रकाशित नगरी गोप्य रुपमा विधि मात्र पु¥याइएको पाइएको छ ।

निःशुल्क जग्गादाता नआएको भन्दै सःशुल्क जग्गा दिन चाहनेसँग प्रस्ताव माग गरिए पछि ४ जनाले फरकफरक मूल्य सूची राखेर नगरपालिकामाप्रस्ताव पेस गरेका छन् । स्रोतका अनुसार चारै जना मेयर श्रेष्ठका बन्धुबान्धव र वा आफन्त हुन् । कसले कति दररेटमा जग्गा दिन राजी भए, तिनको नाम र जग्गाको दररेट पारदर्शी गरिएको छैन । सबै गोप्य राखिएको छ । सबैभन्दा कम मूल्य प्रति कठ्ठा २२ लाख रुपैयाँमा दिन सकिने मेयरका भाञ्जा प्रमोद श्रेष्ठले प्रस्तावना पेस गरेको नगरपालिका स्रोतले बतायो । भाञ्जाको जग्गा मामा मेयरले नगरपालिकाकोलागि खरिद गर्ने गराउने पक्कापक्की भइरहेको छ ।

जग्गा खरिदको अर्को पाटो

बाँकी पृष्ठ २ मा

# जसपाको बैठकमा सरकारबारे समीक्षा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनता समाजवादी पार्टी (जसपा)को केन्द्रीय कार्यकारिणी समिति बैठकमा मधेश प्रदेश सरकारसँगै संघ सरकारमा पार्टीले नेतृत्व गरिरहेको मन्त्रालयहरुबारे समीक्षा भएको छ ।

पुस २५ र २६ गते भएको राजनीतिक समितिको बैठकले २०१ जेठ २, २९ र ३० गते जनकपुरमा पार्टीको महाधिवेशन गर्ने निर्णय गरेको थियो । यस्तै, शनिबार भएको केन्द्रीय कार्यकारिणी समिति बैठकमा भने केन्द्र सरकार र मधेश प्रदेश सरकारबारे समीक्षा भएको छ ।

बैठकले पार्टीले जिम्मा लिएको केन्द्र र प्रदेशका मन्त्रालयबाट जनता सन्तुष्ट हुन नसकेको पाइएपछि प्रगति विवरण माग्ने निर्णय भएको हो । अहिलेसम्म विकास बजेट खर्च हुन नसकेको, मन्त्रालयहरुको प्रगति सन्तोषजनक नभएको भन्दै बैठकमा विषय उठेको थियो । यसपछि पार्टीबाट सरकारमा गएकाहरुलाई कार्य विवरण माग्ने र कार्य सन्तोषजनक किन हुन सकेन भनेर फेरि समीक्षा गरिने निर्णय भएको बताइएको छ । यस्तै, बैठकमा मधेश प्रदेश सरकारको अर्थमन्त्रालयबाट भएको रकमान्तरबारे पनि नेताहरुले जिज्ञासा राखेका थिए ।

मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले नै कानुनी अडचनका कारण काम गर्न कठिन भएको र अर्थमन्त्रालयबाट भएका कामकारबाहीमा सामान्य रकमान्तरको त्रुटिबाहेक कुनै ठूलो गल्ती र पार्टीलाई नै आक्षेप नै लाग्ने गरी बदमासी नभएको जवाफ दिएका थिए । बैठकले पार्टीका तर्फबाट सरकार गएका मन्त्रीहरुको कार्य विवरण मागेर कठोर समीक्षा गर्ने निर्णय गरेको छ ।

चितवनको रत्ननगर महोत्सव-२०८०मा
भारी छुट्का साथ धमाधम बिक्री भैरहेको छ ।




PADDY THRESHER
धान थ्रेशर

बिक्रेता
त्रिशक्ति ट्रेडर्स, भरतपुर
मो.नं.9855021020

## वैभव

### शनिबार ४ पृष्ठको वैभव




- सुनिल उलक - पृथ्वी नारायणको चोर औँला ठडिएको थियो त ?
- एसपी गौरव - पत्रकारितामा १५ वर्ष बिताउँदा
- सञ्जय साह मित्र - गर्छ, साहित्यमा मकवानपुरले गर्छ
- रामकुमार एलन - विप्रेषणको सदुपयोग र अर्थतन्त्रको सबलीकरण

# ‘चलचित्रसम्बन्धी विधेयक संसद्को आगामी अधिवेशनमा’

**रासस**
**ललितपुर ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले संसद्को आगामी अधिवेशनमा चलचित्रसम्बन्धी विधेयक पेश गर्ने तयारी भएको बताएकी छन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र चलचित्र जाँच समितिद्वारा शुक्रबार ललितपुरमा आयोजित सरोकारवालाबीचको अन्तक्रिया कार्यक्रममा मन्तव्य राख्नुहुँदै मन्त्री शर्माले चलचित्रकर्मीले भोगेका अनुभूति, परेका समस्या सल्व्याउने गरी प्राप्त सुझावको आधारमा विधेयक निर्माण गरी संसद्मा पेश गरिने बताउँदै सुझाव दिन अनुरोधसमेत गरिन् ।



‘चलचित्रकर्मीका समस्या र अप्ठ्यारोका बीचमा जानकार थिएनौँ, थाहा हुँदैनथ्यो, कानुनले आवश्यकता पूर्ति गर्न सक्नुभएको छैन भन्ने अनुभूति भएको छ । आगामी अधिवेशनमा चलचित्रसम्बन्धी ऐन पेश गर्ने तयारीमा छौँ । चलचित्र मनोरञ्जन मात्रै हैन आम सञ्चारको क्षेत्र पनि हो । कम्तीमा पनि २० वर्ष काम गर्न सक्ने कानुन बनोस् भन्ने गरी सुझावको अपेक्षा गरेका छौँ’, मन्त्री शर्माले भनिन् । सरोकारवालाबीचको छलफलबाट प्राप्त सुझावका आधारमा निर्माण गर्ने कानुन कार्यान्वयनमा सहज हुने उनको भनाइ थियो । सेन्सर बोर्डको कार्यालय नहुँदा भएको समस्यालाई ध्यान दिएर लाग्ने बताउनुहुँदै मन्त्री शर्माले सहजीकरण गर्ने वातावरण मिलाइने प्रतिबद्धता पनि जनाइन् । प्रतिष्पर्धी चलचित्र निर्माणका लागि गुणस्तर व्यवस्थापन गर्नु महत्त्वपूर्ण विषय भएको भन्दै उनले स्वदेशी तथा विदेशी बजारमा प्रतिष्पर्धालाई ध्यान दिनुपर्ने बताइन् । महिला चलचित्रकर्मीले भोग्नुपरेका समस्या पनि पृथक भएकाले यसका लागि नीति तथा बजेट तर्जुमा गर्न आवश्यक सुझाव पेश गर्न आग्रह गरिन् । संविधानले बर्जित गरेको विज्ञापन बजिरहेको भन्दै मन्त्री शर्माले त्यसलाई रोक्नुपर्ने र विज्ञापन बोर्डले हेर्नुपर्ने बताइन् । नेपालमा चलचित्र क्षेत्रको विकास र भावी कार्यदिशा विषयमा प्रस्तुतीकरण गर्दै विशाल सापकोटाले २०२६ सालमा बनेको चलचित्रसम्बन्धी पुरानो कानुन संशोधन गर्न आवश्यक रहेको, नवीनतम प्रविधिलाई जोड्दै यस क्षेत्रको सुधार गर्नु आवश्यक रहेको बताए । उनले नेपालमा अनुसन्धान र विकासको पाटो फितलो रहेको भन्दै कानुनी व्यवस्थासहित स्रस्टा र कलाकार बाँच्ने व्यवस्थाका लागि अवसर र सम्भावना सिर्जना गरिनुपर्ने बताए । चलचित्र जाँच समितिका सदस्य सचिव तथा मन्त्रालयका उपसचिव निर्मला न्यौपानेले कार्यक्रमको आवश्यकता र औचित्यतासम्बन्धी धारणा राख्नुहुँदै चलचित्र जाँच समितिसँग सम्बन्धित कामलाई व्यवस्थित गर्न र समस्या समाधानका लागि महत्वपूर्ण सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

# शितलहरले जनजीवन प्रभावित

**मधेशदृष्टि**
**वीरगंज ।**
तराई मधेशका जिल्लाहरुमा केही दिनदेखि लगातार बाक्लो हुस्सु कुहिरो शितलहरले जनजीवन प्रभावित भएको छ । दिउँसोसम्मै हुस्सु र कुहिरो लागिरहँदा तराईका सबैजसोको ठाउँमा चिसो बढेको छ । दिनहुँ चिसो बढ्दा जनजीवन कष्टकर भएको छ ।

कामका लागि घरबाहिर निस्कन पनि मुस्किल परेको स्थानीय बासिन्दाले बताएका छन् । चिसोले वृद्धवृद्धा र बालबालिकालाई बढी असर गरेको छ । चिसोकै कारण बारा, पर्सा, सर्लाही जिल्लाका अधिकांश विद्यालयहरु बन्द भएका छन् । जाडो बढदै गएपछि वीरगंज महानगरपालिकाले शुक्रबार पनि नगर क्षेत्रको २७ स्थानमा आगो बालेको थियो ।

बटुवा तथा यात्रुहरुलाई जाडोबाट बचाउन वीरगंजको श्रीरामहल चोक, गौरिया चोक, नारायणी अस्पताल, मालपोत, विर्ता बजार चोक, माईस्थान, घण्टाघर चोक, पुरानोबसपार्क, नयाँ बसपार्क, मुर्ली चोक, राधेमाई चोक, गणेशमान चोक, गण्डक चोक, ६ नम्बर गेट चोक, ओमसाई जाने चोक, बहीपुल चोक, छपकैया लगायतका २७ स्थानमा नगर प्रहरी तथा सरसफाई कर्मचारी परिचालन गरी आगो बालिएको वीरगंज महानगरपालिकाका सरसफाई अधिकृत सरफुद्दिन मियाँले जानकारी दिए । यस्तै, पर्साको पर्सागढीका विपन्न, तथा गरिब परिवारलाई न्यानो कम्बल वितरण गरिएको छ ।

नगरपालिकाको वडा नं. ५ जिङनास्थित मुसहर बस्तीका गरिब, अपाङ्ग, असहाय, एकल महिलाहरुलाई कम्बल वितरण गरिएको हो । लायन्स क्लब अफ वीरगंज सेन्ट्रलले मुसहर बस्तीका घरपरिवारलाई ४० थान कम्बल वितरण गरेको सामाजिक अभियान्ता प्रकाश थारुले जानकारी दिए । उनकाअनुसार लायन अन्तर्राष्ट्रियका संस्थापक लायन मेल्भिन जोन्सको १४५औ जन्मजयन्तीको अवसरमा कम्बल वितरण गरिएको हो ।

# गोलबजारका मेयर पाँच लाखको...

मोटो कमिसन भएको पाइएको छ । गोलबजार नगरपालिका वडा नम्बर ७ र ८ का भलाद्मी, माथवर व्यक्ति, व्यापारी र प्रतिष्ठित वृद्धवयसँग सोधनी गर्दा नगरपालिकालाई बिक्री गर्न प्रस्ताव गरिएको जग्गाको चलनसारको मूल्य अनुसार प्रतिकठ्ठा अधिकतम ५ देखि ६ लाख रुपैयाँ पर्छ । तर उपरोक्त जग्गा प्रतिकठ्ठा २२ लाख रुपैयाँ हालेर खरिद गर्ने तयारी गरिएको छ । ७५ लाख रुपैयाँ मूल्य पर्ने जग्गा तीन करोड ३० लाख रुपैयाँमा खरिद गरिँदैछ । जग्गा खरिदबाट नगरपालिकाको २ करोड ५५ लाख रुपैयाँ अपचलन हुने देखिन्छ ।

चोहर्वा बजार विकास समितिका कार्यकारी अधिकृत अनील कुमार सिंह भन्छन्, ‘श्रेष्ठहरुको विस्तारवादी नीति हो । पहिले पनि वडा नम्बर ८ को महत्वपूर्ण भूभाग वडा नम्बर ७ मा गाभियो, अब यो बजार पनि उठाएर उत्तरतर्फ लैजाने प्रपञ्च रचेका छन् । तर हामी त्यसलाई सफल हुन दिँदैनौ ।’ उनले पहिले पनि यसबारे ज्ञापन पत्र नगरपालिकामा बुझाएको र नगरपालिकाले खरिद गर्ने प्रस्ताव गरेको जग्गाको हालसालको मूल्य अधिकतम ५ लाख रुपैयाँ प्रतिकठ्ठा रहेको बताए । यो जग्गा २२ लाख रुपैयाँ प्रतिकठ्ठा खरिद गर्नु सिधै भ्रष्टाचार हुने उनको तर्कको छ ।

गोलबजार उद्योग व्यापार संघका सचिव वीरेन्द्र सिंह भन्छन्, ‘पशु हाटका लागि खरिद गर्ने भनिएको जग्गाको वास्तविक मूल्य ४ देखि ५ लाख रुपैयाँ प्रतिकठ्ठा हो । त्यो जग्गा २० देखि २५ लाख रुपैयाँ प्रतिकठ्ठामा खरिद गर्नु सरकारी पैसा अपचलन हो ।’ उनले बजार सारिए परम्परादेखि व्यापार गर्दै आएका पुराना व्यापारी सबै विस्थापित हुने र चोहर्वा बजारको अस्तित्व नै मेटिने बताए ।

वडा नम्बर ८ का पूर्ववडाध्यक्ष तथा चोहर्वा बजार विकास समितिका अध्यक्ष नागेन्द्र यादव भन्छन्, ‘बयल हाटबजारका लागि प्रथमतः जग्गा नै आवश्यक छैन । भएको २२ कठ्ठा जग्गामा नै पशु भरिँदैन । अब गोरु धेरै कम किसानका घरमा छ र बिक्री गर्न पनि कमै ल्याइन्छ । थोरै संख्यामा पाडा बिक्रीका लागि ल्याइन्छ । आधा फिल्ड पनि भरिएको हुँदैन । यो जग्गा खरिद प्रकरण भनेको मामाले भाञ्जा पोस्ने र भाञ्जाले मामा पोस्ने परियोजना हो । कमिसनको खेल हो, कमाउधन्दा हो । प्रस्ताव गरिएको जग्गा मुस्किलले ५ लाख रुपैयाँ कठ्ठामा बिक्री हुने जग्गा हो ।’

पूर्ववडाध्यक्ष तथा बजार विकास समितिका अध्यक्ष सिंह थप्छन्, ‘लीलानाथ श्रेष्ठ मन्त्री हुँदा गौराहादेखि घुर्मीघाटसम्म रणनीतिक सडक भनेर योजना पारेका थिए । यो सडक घुर्मी घाटदेखि चोहर्वा र पानवारी छेउछाउको मन्त्री र मेयर श्रेष्ठको गाउँ घर र जग्गा जमिन हुँदै गएको छ । त्यसरी सडक निर्माण गर्दा अहिले वडा नम्बर ८ मा मौजुदा रहेको चोहर्वा गुद्री हाट विस्थापित हुनेछ ।’ उनले सडक बीचबजारबाट लैजाने योजनामा गुद्री बजार वडा नम्बर ८ बाट विस्थापित गराएर वडा नम्बर ७ पशु हाट बजार नजिक सार्ने सांसद लीलानाथ श्रेष्ठ र मेयर श्रेष्ठको डिजाइन भएको बताए । त्यसका लागि थप जग्गा खरिद गर्न लागिएको र पशुहाटका लागि थप जग्गा आवश्यक नरहेको बताए ।

गोलबजार– १० का भरोसी मण्डल भन्छन्, ‘४ देखि ५ लाख रुपैया कठ्ठाले बिक्री हुने जग्गा हो । धेरै गए ६ लाख रुपैयाँसम्म जाला । तर त्यो भन्दा बढी जाँदैन । अब नगरपालिकामा पैसा धेरै छ त जति खन्याए पनि भयो ।’ नरहा गाउँपालिका वडा नम्बर ५का दिनेश कुमार यादव भन्छन्, ‘कठ्ठाको ५ लाख रुपैयाँ भन्दा बढी जाने जग्गा होइन । यतिखेर झन जग्गाको मूल्य स्वात्तै घटेको छ । जोतसिम जग्गाको त्यति मूल्य नै पर्दैन ।’

गोलबजार–७ का वयोवृद्ध उदयशंकर साह भन्छन्, ‘गोरु हाटनजिकको जमिन जोतसिम (जोतिखाने) हो । त्यसको अधिकतम मूल्य ५ लाख रुपैयाँसम्म पर्छ । ५ लाख रुपैयाँको जग्गा २२ लाख रुपैयाँमा किन्ने भनेपछि त म छक्कै परेँ । नगरपालिकाको पैसा जे गरे पनि भयो ।’

वडा नम्बर ८ का बासिन्दा तथा चोहर्वा बजार विकास समितिका सचिव शिवकुमार यादव भन्छन्, ‘सुन्नमा आएको छ, चोहर्वा गुद्री हटिया राजमार्गदेखि उत्तर सार्ने योजना छ रे तर यो हुनै सक्दैन । हामी हुनै दिँदैनौँ । यो बजारमा सैकडौँ मानिसको जीविकोपार्जन जोडिएको छ । बजार सारियो भने सबै बर्बाद हुन्छन् । बजार विकास समितिले बजार सार्न दिने छैन ।’ गोलबजार–७ कै वृद्ध व्यक्तित्व रामप्रसाद महतो भन्छन्, ‘बहुत भन्दा बहुत ६ लाख रुपैयाँ पर्ला, त्यो भन्दा बढी जाँदैन ।’

गोलबजारका भला मानवमा गनिने लम्बोदर दाहाल भन्छन्, ‘कुनै दिन कुनै गाडीको स्टेरिङ फेल भयो वा थोरै तलबितल प¥यो भने गोलबजार हटियामा दर्जनौँ मानिस एकै चिहान हुन्छन् । बजार सार्ने नाममा लाखका लाख खर्च गर्छन् तर परिणाम शून्य छ । मेयर श्याम श्रेष्ठको कार्यशैलीमा मैनावत्ती पूर्वका लागि प्राथमिकता नभएको देखिन्छ ।’

उद्योग व्यापार संघ गोलबजारका अध्यक्ष विजय साह भन्छन्, ‘मेयर श्याम श्रेष्ठले व्यपार संघ गोलबजारसँग आजसम्म विकास निर्माण र बजार व्यवस्थापनका लागि कुनै समन्वय र छलफल गरेका छैनन् । बजार सार्न सहयोग माग्दा हामीले सहयोग ग¥यौं तर नगरपालिका आफैं असफल भयो । चोहर्वा खासगरी ७ नम्बर वडा मात्र उहाँहरुको प्राथमिकतामा छ । गोलबजारको समस्याप्रति उदासीनता देखिन्छ ।’

नेपाली कांग्रेसका नेता चन्द्रदेव यादव भन्छन्, ‘यो गोलबजारको हटियाका लागि जग्गा किन्नु पहिलो आवश्यकता हो । चोहर्वामा केही दिनपछि किन्दा पनि हुन्छ । यहाँ त बजार पूरै राजमार्गमा छ ।’ नेता यादवले पुरानो प्रसंग सुनाए, ‘दशैंतिरको कुरा हो लीलाजीलाई मैले भने किन पशु हाटलाई अहिले जग्गा चाहियो र भन्दा सांसदजीले चोहर्वा पशुहाटकोआम्दानी त्यहीँ लगानी गरिदिन खोजेको भन्नु भएको थियो ।’ चोहर्वा गुद्री बजारको ठेक्का रकम चोहर्वा स्कुलकै लागि खर्च हुन्छ । पशु बजारको आम्दानी पनि वडा नम्बर ७ मै लगानी गर्ने अरे । गोलबजारको आम्दानी किन सबैतिर छर्नु प¥यो त ?

एमाले नेता सुवर्ण दाहाल भन्छन्, ‘गोलबजारप्रति नगरपालिकामा कुनै सकारात्मक भावना देखिएन । गोलबजारको बाख्रा बजारका लागि अलग र तरकारी बजारको लागि अलग्गै जग्गा किन्न आवश्यक छ । पशु हाटको लागि अहिले तत्काल जग्गाको जरुरत नै छैन । लिजमा लिएर भए पनि बजार व्यवस्थापन गर्न भन्यौ तर सुनुवाई भएन ।’ वडा नम्बर ५ का वडाध्यक्ष बालकृष्ण गौतमले गोलबजारको बजार व्यवस्थापन पनि आवश्यक भएको र चोहर्वा पशु हाटको लागि पनि आवश्यक रहेको बताए । वडा नम्बर ४ का वडाध्यक्ष सकलदेव यादवले त फेसबुकमै स्टाटस लेखेर गोलबजारको तरकारी बजारले दिक्दार बनाएको उल्लेख गरेका छन् । यादवले समस्या समाधान गर्ने पहलकदमीमा नगरपालिकाले विलम्ब गरिरहेको बताए ।

जग्गा खरिद प्रकरणबारे मेयर श्याम कुमार श्रेष्ठले भने, ‘जथाभावी नलेख्नुस्, बुझेर लेख्नुस् ।’ उनले भने, ‘हो पशु हाटका लागि १५ कठ्ठा जग्गा किन्ने प्रकृया अघि बढेको छ । जग्गा किन्ने नै हो ।’ ‘पशु हाटदेखि उत्तर, पश्चिम र दक्षिणमा वरपरका जसले जग्गा दिन्छ त्यो जग्गा किन्ने हो । कसैले नदिए अहिले रोजेको जग्गा विकल्पमा किन्ने हो,’ उनले भने, ‘मूल्यको सवालमा बैंक, नापी, मालपोत र वडासँग मूल्यसूची मागेको छु । नगर परिषद्ले पास गरेको कुरा हो ।’ उनले जुन ठाउँबाट सालिन्दा ७५ लाख रुपैयाँ आम्दानी हुन्छ, त्यहाँ केही गर्नु पर्ने बताए ।

उनका अनुसार, व्यापारीले आवास घर चाहियो भनेका छन् । उनले भने, ‘अरु धेरै बुझन् परे फोनमा होइन नगरपालिका आएर कुरा गर्नुस् । गोलबजारको लागि जग्गा किन्नु पर्ने हो कि लिजमा लिनु पर्ने हो, यहाँ आएर भन्नुस् ।’

माओवादी नेता रामचन्द्र सिंह भन्छन्, ‘नगर विकास कोषबाट ऋण लिएर गोलबजारस्थित धमिनी मन्दिर परिसरमा निर्माण गर्ने भनिएको व्यापारिक मलको व्यापक विरोध भएपछि त्यसलाई पशु बजारतर्फसार्ने तानावाना बुनिएको छ ।’ पशु हाट वरिपरी सांसद लीलानाथ श्रेष्ठ, मेयर श्याम श्रेष्ठ र उनीहरुका आफन्त, बन्धुबान्धवको जग्गा धेरै छ ।

# कृषि सहकारीको तेह्रौँ साधारण सभा

**मधेशदृष्टि**
**सर्लाही ।**
लालबन्दी नगरपालिका–६ स्थित जन कृषि सहकारी संस्थाको १३ औँ वार्षिक साधारण सभा भएको छ । लालबन्दी नगरपालिका–६ मा रहेको सहकारीका अध्यक्ष महेन्द्र महतोको अध्यक्षता एवम सर्लाही क्षेत्र नम्बर १ प्रदेश सभा ख की प्रदेश सभा सदस्य बेची लुंगेलीको प्रमुख आतिथ्यतामा साधारण सभा भएको हो ।

लालबन्दी नगरपालिका–६ स्थित वडा नम्बर ६ को सभा हलमा भएको वार्षिक साधारण सभामा राष्ट्रिय सहकारी बैंक, हरिवन शाखाका प्रबन्धक नारायण लामिछानेको विशिष्ठ आतिथ्यता रहेको सहकारीका अध्यक्ष महतोले जानकारी दिए ।

सभामा आर्थिक वर्ष २०७९–८० को आय व्यय प्रस्तुत गरिएको थियो । सहकारीले गएको आर्थिक वर्ष २०७९–८० मा एक करोड १९ लाख ९३ हजार पाँच सय ९७ रुपैयाँ ११ पैसा कारोबार गरी नौ लाख ९१ हजार सात सय १७ रुपैयाँ ९० पैसा खुद मुनाफा आर्जन गरेको सहकारीका प्रबन्धक हरेन्द्रकुमार झा (विपिन)ले जानकारी दिए । उनका अनुसार साधारण सभाको अवसरमा भएको रक्तदान कार्यक्रममा २६ जनाले रक्तदान गरेका छन् ।

# मुख्यमन्त्रीको एक वर्ष...

अवस्थामा प्रदेश सरकारले गर्व गर्ने कुनै काम गरेको देखिँदैन । सरकारले बजेट ल्याएको सात महिना पुग्न लाग्दासमेत बजेट कार्यान्वयन पक्ष निकै कमजोर देखिएको छ । बजेट कार्यान्वय सन्तोषजनक नदेखिएका कारण जनतामा विकासको अनुभूतिसमेत हुनसकेको छैन । सरकारको बजेट ४४ अर्ब ११ करोड ४६ लाख ३२ हजार रुपैयाँको छ । सरकारका वार्षिक आयव्यय विवरणमा चालुतर्फ १८ अर्ब २१ करोड ७६ लाख १४ हजार रुपैयाँ अर्थात् ४१.३ प्रतिशत रकम विनियोजन गरिएको छ । यसैगरी पुँजीगततर्फ २५ अर्ब ६९ करोड ७० लाख १८ हजार रुपैयाँ अर्थात ५८.२५ प्रतिशत, वित्तीय व्यवस्थातर्फ २० करोड अर्थात शून्य दशमलव ४५ प्रतिशत विनियोजन गरिएको छ । तर, अहिलेसम्म बजेट कार्यान्वयन सुस्त देखिएको छ ।

नेपाली कांग्रेसका प्रदेश सभा सदस्य एव् पूर्वमन्त्री राम सरोज यादवले सरकारले बजेट ल्याएको सात महिना बितिसक्दासमेत कार्यान्वयन कमजोर देखिएको बताए । सरकारले आफ्नो योजना र कार्यक्रम कार्यान्वयन गराउन नै ढिलासुस्ती देखाइरहेकाले सरकारलाई सफल मान्न सकिने आधार नै नदेखिएको बताए । नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवले समेत सरकारको काम गर्ने शैलीले संघीयतामाथि नै पटकपटक प्रश्न खडा गरेको बताए । उनले बजेट कार्यान्वयन गर्न नसक्ने सरकारले सुशासनको कुरा मात्रै गरिरहेको जिकिर गरे । उनले भने, ‘सरकारले अधिकारको कुरा बढी गर्छ तर भएको अधिकार प्रयोग गर्नसमेत सरकार चुकिरहेको छ, यस्तो अवस्थामा सरकारले आफ्नो उपस्थितिको अनुभूति जनतामा गराउन सकेको छैन ।’ सरकारमै सहभागी नेकपा माओवादी केन्द्रले समेत सरकारको गतिविधिमा असन्तुष्टि जनाएको छ । पार्टीका संसदीय दलका नेता भरत साहले सरोज यादव नेतृत्वको सरकारलाई गफाडीको संज्ञा दिए । उनले भने, ‘सरकारले बाहिर ठूला र चर्को भाषण गरेको जस्तो देखिन्छ तर सरकारको काम गर्ने शैली नै ठीक छैन ।’ उनले सरकारले बुलेट टे«न जस्तो काम गर्छु भनिरहे पनि कुछवाको गति नछाडेको बताए । ‘जनतामा सरकारको कार्यशैलीबाट नै असन्तुष्टि छ, सरकारको काम सन्तोषजनक छैन,’ उनले भने । सरकारको सहयात्री लोकतान्त्रिक समाजवादी पार्टीले सरकारसँग काम गर्न स्रोत र अधिकार चाहिने भएकाले सरकार चुनौतीमा काम गरिहेको बताएको छ । लोसपा नेता जितेन्द्र सोनलले भने, ‘जनताको अपेक्षा पूरा गर्न स्रोत चाहिएको छ, स्रोत र त्यसलाई परिचालनका लागि जनशक्ति चाहिएको छ, दुवै अभावमा सरकारले काम गरिरहेको छ ।’ उनले यस्तो अवस्थामा सरकारले सबै कुरा एक वर्षमा पूरा गर्न नसक्ने र अपेक्षाकृत राम्रै काम गरिरहेको बताए ।

२०७९ पुस २७ गते जनता समाजवादी पार्टीका संसदीय दलका नेता सरोजकुमार यादव मुख्यमन्त्रीमा नियुक्त भएका थिए । उनलाई नेकपा एमाले, नेकपा माओवादी केन्द्र, जनमत पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी, नेपाल संघीय समाजवादी पार्टी र दुई स्वतन्त्रले समर्थन गरेका थिए । पछि नेकपा एमाले सरकारबाट बाहिरिएपछि नपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी सहितका पार्टी सरकारमा सहभागी भए । मुख्यमन्त्री यादवले नेकपा एमालेका २४, कांग्रेसका २२, जसपाका १६, जनमत पार्टीका १३, लोसपाका नौ, नेकपा माओवादी केन्द्रका नौ, नेकपा एकीकृत समाजवादीका सात, नागरिक उन्मुक्ति पार्टीका एक, राष्ट्रिय प्रजातन्त्र पार्टीका एक, नेपाल संघीय समाजवादी पार्टीका एक तथा पाँचजना स्वतन्त्र प्रदेशसभा सदस्यसहित एक सय सात प्रदेश सांसदको समर्थन पाएका थिए ।



## शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं।**

**लहान नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लहान, सिरहा, मधेश प्रदेश**

इतिहास



सुनिल उलक

# पृथ्वी नारायणको चोर औँला ठडिएको थियो त ?

मल्लकालका समृद्धि बिर्सिएर उपत्यकाका नेवारलाई गाली गर्न थाल्यौँ । राणाकालका वैदेशिक नीति र विकासका खाका बिर्सिएर राणाका मोज र महललाई मात्र देख्यौँ । तर अहिले चन्द्र शमेशरले बनाएको सिंहदरबारमा बसेर देश हाँक्दैछौँ र कृष्ण शमशेरले सित्तैमा दिएर गएको शितल निवासमा राष्ट्रपतिलाई राखेर देशको अस्तित्वको खाका बुन्दैछौँ । पृथ्वीनारायण शाहको एकीकरणले नेपाली हुन पाएको बिर्सिएर शाहकालीन इतिहासलाई गाली गर्न छाड्दैनौँ ।

पृथ्वीनारायण शाह वास्तवमा कस्ता थिए भन्ने उनको तस्बिर भेटिँदैन तर उनी जीवित हुँदै बनाइएको मूर्ति नुवाकोटमा छ । पृथ्वीनारायण शाह आफैँले बनाउन लगाएको कालो ढुङ्गाको मूर्ति विसं १८१६ तिर बनाउन लगाएको अनुमान गरिएको छ । अन्दाजी ३७ वर्षको उमेर हुँदा बनाइएको यो मूर्तिमा पृथ्वीनारायण शाह नम्र रुपमा दुइ आँखा बन्द गरेर, दुइ हात जोडेर, घुँडा टेकेर भक्तिभावले कसैको सामु प्रार्थना गरिरहेको जस्तो लाग्दछ । उनको जुंगा हेर्दा कुनै सेनापतिको आभास हुन्छ । यो मूर्ति कीर्तिपुरसँगको पहिलो आक्रमणको हार र सेनापति कालु पाण्डेको मृत्युले दुःखित भएपछि युद्ध त्यागेर गोर्खामा बसिरहेको बेलामा बनाइएको थियो । सायद नयाँ युद्धको तैयारीका लागि सैनिक अभ्यासका साथ साथै देवी भक्तिको पनि श्रृंखला शुरु भएको हुनुपर्दछ । यसरी देवी भक्तिबाट साहस बटुलेर १८१६ मा शिवपुरी काभ्रे विजय गरे भने १८२० मा मकवानपुर विजय गरेका थिए ।



तीन शताब्दीअघि जब नेपालमा पृथ्वीनारायण शाहको जन्म भएको थियो । त्यसको ५ महिनापछि विश्वविख्यात राजनीतिक अर्थशास्त्री एडम स्मिथको जन्म भएको थियो । पृथ्वीनारायणले जब बाबुसँग राजनीति सिक्दै कुटनीतिक प्रयासस्वरुप भक्तपुरका युवराजसँग मितेरी गाँस्दै थिए, एडम स्मिथ भने ग्लास्गो युनिभर्सिटीमा प्रोफेसर भइसकेका थिए । केही वर्ष अगाडिबाट बेलायत सरकारले बेलायती २० पाउण्डको नोटमा उनको तस्विर राखेर सम्मान गरेको छ । तर हाम्रो देश नेपालमा पृथ्वीनारायण शाह, जसले साना टुक्रे राज्यलाई एक गरेर सिंगो नेपाल बनाए, उनको सम्मानमा कागजी नोटमा तस्विर राख्न चाहेन ।
पृथ्वीनारायण शाहको समयकालमा स्वतन्त्र राष्ट्रका रुपमा अमेरिकाको जन्म भएकै थिएन । जुन बेला पृथ्वीनारायण शाहले कीर्तिपुर आक्रमणको तैयारी गर्दै थिए । त्यति बेला जर्ज वाशिंगटनको नेतृत्वमा अमेरिका स्वतन्त्रताको लडाइँ लड्दै थियो । त्यसअगाडि फ्रान्सेली तथा बेलायती साम्राज्यको खेलमा अमेरिका टुक्राटुक्रा थियो । पृथ्वीनारायण शाहको मृत्युको समयतिर जर्ज वाशिंगटनले पहिलो सफलता हासिल गर्दै फिलाडेल्फियामा बसेर संयुक्त राष्ट्रको घोषणा गरेका थिए । अमेरिका स्वतन्त्र भएर जर्ज वाशिंगटन पहिलो राष्ट्रपति बन्दासम्म त नेपालको एकीकरण अभियानमा अधिराजकुमार बहादुर शाह अगाडि बढेर बिशाल नेपाल बनाइसकेका थिए ।
तीनसय वर्षको अवधीमा अमेरिका विश्वको प्रमुख राष्ट्रमा पुग्न सफल भयो तर हामी अझै एक अर्कालाई गाली गर्दै र एक अर्काको खुट्टा तान्दै आनन्दित भइरहेका छौँ । हाम्रो इतिहास कति पुरानो छ । हाम्रो संस्कृति कति बलियो छ । हाम्रो संस्कार कति गहन छ । तर हामी कुवाको भ्यागुतो झैँ कसैलाई माथि पुग्न नै दिँदैनौँ, तानेर खसाली हाल्छौँ । यो केबल राजनीतिमा मात्र होइन । यो सबै ठाउँमा लागु हुन्छ । आफू अगाडि बढ्न सबैको साथ होइन हामी अरुको पतनलाई सर्वस्वीकार्य मान्दछौँ । अरुलाई खसाल्न पाए त्यहाँ म पुग्थे भन्ने मानसिकतामा ग्रसित छौँ । जसले गर्दा आज कसैलाई तल खसाल्न तल्लीन हामी, भोलि हामीलाई तल खसाल्न अर्को तयार भएर बसेको हुन्छ ।
मल्लकालका समृद्धि बिर्सिएर उपत्यकाका नेवारलाई गाली गर्न थाल्यौँ । राणाकालका वैदेशिक नीति र विकासका खाका बिर्सिएर राणाका मोज र महललाई मात्र देख्यौँ । तर अहिले चन्द्र शमेशरले बनाएको सिंहदरबारमा बसेर देश हाँक्दैछौँ र कृष्ण शमशेरले सित्तैमा दिएर गएको शितल निवासमा राष्ट्रपतिलाई राखेर देशको अस्तित्वको खाका बुन्दैछौँ । पृथ्वीनारायण शाहको एकीकरणले नेपाली हुन पाएको बिर्सिएर शाहकालीन इतिहासलाई गाली गर्न छाड्दैनौँ । लडाइँमा एक पक्षको हार हुन्छ, अर्को पक्षको जित हुन्छ । जित्नेको इतिहास लेखिन्छ । हार्नेलाई बिर्सन थाल्दछौँ । इतिहास पल्टाएर हेर्यौं भने पृथ्वीनारायण शाहको एकीकरण अभियानमा हजारौँको मृत्यु भयो । तर एक सिङ्गो नेपालको रुपमा आज नेपाली हुन पायौँ । अन्यथा बाइसे चौबीसेको अस्तित्व बेलायती साम्राज्यभित्र बिलाउने थियो ।
पृथ्वीनारायणको शालिक तोडेर वा छ्याकः ल्वहंमा थुक्दैमा इतिहास मेटिँदैन । छ्याकः ल्वहंमा थुक्ने कीर्तिपुरवासीको आक्रोश हो । यसलाई बन्देज लगाउनु हुँदैन । बरु कीर्तिलक्ष्मीलाई पनि राज्यले सम्मान गरोस् भनेर भन्नु आवश्यक थियो । हार भए पनि कीर्तिपुरकी कीर्तिलक्ष्मी वीरंगना थिइन् । शाहवंशका सबै राजा राम्रा थिए भनेर कसैले पनि मानेका छैनन् । हाम्रो परिवारभित्र पनि कहिलेकहिँ एकदुइ पटमूर्ख निस्कन्छन् । त्यसो भयो भन्दैमा शाह राजा सबैलाई गाली गर्नु मनासिव हुँदैन । पृथ्वीनारायण शाह आफैँले पनि आफ्नो जेठा छोरा सही नभएको, राजा हुन योग्य नभएको भन्ने आभास पाएका थिए । तर पनि कान्छो छोरा बहादुर शाहलाई युवराज घोषणा गर्ने आँट गर्न सकेनन् । जसले गर्दा उनको मृत्युपछि राजा बनेका प्रतापसिंह शाहको राजकाज गतिशील हुन सकेन । यस्तैमा केबल २६ वर्षकै उमेरमा क्षयरोगबाट उनको मृत्यु भयो । त्यसपछि राजा बनेका रणबहादुर शाह झन निकम्मा भए ।

आखिर जे जसरी हामीले सोचे पनि नेपाल भन्ने सिंगो राज्यको परिकल्पना गर्ने र एकीकरण गरेर हामीलाई नेपाली बनाउने पृथ्वीनारायण शाह नै हुन् । देशले उनको योगदाको कदर गर्नै पर्छ । पृथ्वीनारायण शाह वास्तवमा कस्ता थिए भन्ने उनको तस्बिर भेटिँदैन तर उनी जीवित हुँदै बनाइएको मूर्ति नुवाकोटमा छ । पृथ्वीनारायण शाह आफैँले बनाउन लगाएको कालो ढुङ्गाको मूर्ति विसं १८१६ तिर बनाउन लगाएको अनुमान गरिएको छ । अन्दाजी ३७ वर्षको उमेर हुँदा बनाइएको यो मूर्तिमा पृथ्वीनारायण शाह नम्र रुपमा दुइ आँखा बन्द गरेर, दुइ हात जोडेर, घुँडा टेकेर भक्तिभावले कसैको सामु प्रार्थना गरिरहेको जस्तो लाग्दछ । उनको जुंगा हेर्दा कुनै सेनापतिको आभास हुन्छ । यो मूर्ति कीर्तिपुरसँगको पहिलो आक्रमणको हार र सेनापति कालु पाण्डेको मृत्युले दुःखित भएपछि युद्ध त्यागेर गोर्खामा बसिरहेको बेलामा बनाइएको थियो । सायद नयाँ युद्धको तैयारीका लागि सैनिक अभ्यासका साथ साथै देवी भक्तिको पनि श्रृंखला शुरु भएको हुनुपर्दछ । यसरी देवी भक्तिबाट साहस बटुलेर १८१६ मा शिवपुरी काभ्रे विजय गरे भने १८२० मा मकवानपुर विजय गरेका थिए ।

अर्को चित्र भने गढवाली चित्रकार मौलारामले कोरिदिएका थिए । तर यो चित्रमा उनको मुहारको वास्तविक आकृति भन्दा पनि बढि मुगलशैली देखिन्छ । नुवाकोट दरबारमा भएको मूर्तिमा भने उनको अनुहार केही भिन्न देखिन्छ ।

## आखिर को हुन् त मौलाराम र किन मौलारामले पृथ्वीनारायणको चित्र कोरे ?

मुगल शासक शाहजहाँको शासनकाल (सन १६२८–१६५८) जुनबेला दिल्ली तथा आगरामा थियो । त्यसबेला पृथ्वीनारायण शाहका बुढा जिजुबाजे राम शाहको शासनकाल (सन १६०६–१६३३) करिब करिब अन्तिम समय थियो । त्यसपछि गोर्खामा राजाहरुको छोटो शासनकाल भेटिन्छ । जसमा डम्बर शाह, कृष्ण शाह र रुद्र शाहको समयकालसम्म पनि शाहजहाँ मुगल सम्राट नै थिए । जुनबेला आगरामा ताजमहल बन्दै थियो, गोरखामा डम्बर शाह र कृष्ण शाहको शासनकाल चलिरहेको थियो । यिनै शाहजहाँको मृत्युपछि राजा बनेका उनका छोरा औरंगजेबको समयमा दिल्ली दरबारबाट भागेर तीन चित्रकार गढवाल पुगेका थिए । यसरी मुगल साम्राज्यबाट भागेर गढवाल पुगेका हरदासको नाति नै मौलाराम हुन् । मौलारामलाई अहिले विश्वविख्यात भएको गढवाली चित्रकारिताको जन्मदाता मानिन्छ । यिनै मौलारामले कोरेको पृथ्वीनारायण शाहको चित्रमा पनि केही गन्ध गढवाली शैलीको आएको देखिन्छ । त्यतिबेलाका चित्रकारितामा दुई शैली प्रख्यात थिए काँगडा शैली र गढवाली शैली । काँगडा शैलीमा अनुहारको आकारमा निधारदेखि नाकसम्म सिधा धर्सो हुन्थ्यो भने चिउँडोबाट घाँटीसम्म पनि सिधा धर्सो तानिन्थ्यो । जसले गर्दा अनुहार चारपाटे देखिन्थ्यो । तर गढवालीशैलीमा भने निधारबाट नाकसम्ममा बिचमा केही गहिराइ हुन्थ्यो । साथै चिउँडोबाट गलामा पनि केही घुमाउरो हुन्थ्यो ।

चित्रमा देखिने हातमा फूल लिने तथा बसाइशैली भने मुगलशैली थियो । शिरमा लगाइएको श्रीपेच भने शाह राजाको श्रीपेच नै थियो । यो चित्र गढवाली चित्रकार मौलारामले कोरेको स्पष्ट देख्न सकिन्छ ।

मौलारामको जन्म विसं १८०० मा भएको थियो । गढवालमा चौतरिया हस्ती दल थापा गभर्नर थिए । हस्ती दलको युद्धमा मृत्यु भएपछि भैरोँ थापा गोर्खाली गभर्नरका रुपमा विसं १८६५ मा गढवाल पुगेका थिए । उनको चर्चा क्रुर प्रशासकका रुपमा गढवालीसामु रहन गयो । गढवाली जनतामाथि अत्यधिक अनावश्यक कर पनि थोपरिएको थियो । यो सबबाट दुःखी भएका मौलारामले नेपालमा मुख्तियार भीमसेन थापालाई पत्र पठाएर जानकारी गराएका थिए । मौलारामले गढवाल सरकारबाट पाइरहेको सुविधा तथा जागीर पनि भैरोँ थापाले खोसेका थिए । यसरी पीडा झेलेका मौलाराम त्यही समय काठमाडौँ पुगेका थिए । भीमसेन थापाले उनको जागीर तथा रोकिएको तलब तथा भत्ता फिर्ता दिलाउने निर्णय गरेका थिए । काठमाडौँमा राजा गिर्वाणको शासनकाल थियो । राजा गिर्वाणसँग मौलारामको भेट भएको थियो वा थिएन भन्ने उल्लेख कतै भेटिँदैन । तर मुख्तियार भीमसेन थापाले उनको जागीर फिर्ता गर्ने निर्णय गरेका थिए । यसरी भीमसेन थापाबाट जागीर फिर्ता पाएका मौलारामले काठमाडौ आउँदा विसं १८६६ तिर पृथ्वीनारायण शाहको चित्र कोरेको हुनुपर्दछ ।

विसं १८६६ मा मुख्तियार भीमसेन थापाले गोर्खाली सेनाको कमाण्डर काजी बख्तावर सिंह बस्न्यातलाई गढवालका गभर्नर बनाएर गढवाल पठाएका थिए । काजी बख्तावर सिंहले श्रीनगरमा मौलारामलाई भेटेर पुरस्कृत गरेका थिए । यसका साथै बख्तावर सिंहले उनको जागीर फिर्ता गराउनुका साथै ६१ स्वर्ण मुद्रा, एक घोडा, एक राजकीय वस्त्र तथा केही हतियार पनि दिएका थिए । यसरी खुशी भएका मौलारामले काजी बख्तावर सिंहको प्रशंसा गर्दै 'बख्तावर यश चन्द्रिका' नामक काव्य लेखेर गोर्खालीको गढवाल विजयको इतिहास वर्णन गरेका थिए । साथै राजा रणबहादुर शाहको विषयमा रणबहादुर चन्द्रिका पनि लेखेका थिए । यसरी गोर्खालीको प्रशंसा गरेका मौलारामले एकीकरणका नायक पृथ्वीनारायण शाहको चित्र कोरेको मान्न सकिन्छ ।

पछि यही चित्रका आधारमा राजा महेन्द्रको शासनकालमा विसं २०२५ सालमा नेपाली चित्रकार केके कर्माचार्यले फूलको ठाउँमा दाहिने हातको चोर औँलालाई सिधा ठड्याएर एकताको प्रतीक चित्र बनाए । जुन चित्र हुलाक टिकटमा प्रयोग भएको थियो । नेपाल एकीकरणका जनकको रुपमा औँला ठड्याइएको तस्विर नै अहिले सर्वत्र देखिन्छ । राजा महेन्द्रको शासनकालमा नै अमर चित्रकारलाई नेपालका राजाको चित्र कोर्ने जिम्मा लगाइयो । यसरी चित्र कोर्ने क्रममा अमर चित्रकारले बालकृष्ण समको सरसल्लाहमा आज विभिन्न मूर्ति तथा चित्रमा देखिने उभिएका पृथ्वीनारायण शाहको तस्बिर कोरेका थिए ।

स्मृति

# पत्रकारितामा १५ वर्ष बिताउँदा

*एउटा रुँदै आएको पीडितको न्यायका लागि छिटो र सकेको सहयोग गर्न पाएपछि पीडितको अनुहारमा देखिने हाँसो वा खुसी मेरो पनि खुसी हो । अन्याय, अत्याचार, भ्रष्टाचार, घुसखोर, कालोबजारी, पक्षपातीका मलाई देख्ना साथ शिर निहुरिएको देख्दा त्यो मेरो जीवनको सबैभन्दा ठूलो खुसी हो भन्ने लाग्छ । अहिलेसम्म पत्रकारिता पेशा गरेर एक रुपैयाँ पनि कमाएर घरमा दिएको छैन । किनकी सामान्य खान लगाउन नपुगेर पत्रकारिता पेशा रोजेको होइन । त्यसमा पनि म जहाँ काम गर्छु ,त्यहाँ न्युनतम पारिश्रमिकसमेत पाउँदिनँ । सञ्चार गृहले श्रम शोषण गरिरहेका छन् ।*



एसपी गौरव

समाचारको मुद्दामा काम गर्ने क्रममा नखाएका, ननिदाएका, घरबाट फिल्ड जाने क्रममा घरपरिवार चिन्तित, पीडितको पक्षमा काम गर्दा पीडकबाट विभिन्न किसिमका धम्की, अगाडि बढेको देख्न नसक्ने पेशामै आवद्ध बेइमानहरुबाट विभिन्न किसिमका चरित्र हत्या, मुद्दामामिला गर्ने, तराईको क्षेत्रमा फिल्डमा काम गर्न चुनौती पनि त्यतिकै, सामान्य साप्ताहिक कार्यक्रम सञ्चालकका रुपमा मिडियामा प्रवेश गरेको म अहिले नेपाल सरकारको सरकारी सञ्चार राष्ट्रिय समाचार समिति(रासस) र नेपालको पहिलो न्युजच्यानल सगरमाथा टेलिभिजनका लागि पनि सर्लाहीबाट रिपोर्टिङ गरिरहेको छु भने कमलामाई मिडिया सञ्चार गृहको सञ्चालकसमेत भएको छु । राजनीतिक हिसाबले नेकपा(माओवादी केन्द्र)को शुभेच्छुक संगठन प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति सर्लाहीको अध्यक्ष भएको पनि २ वर्ष पूरा भएर ३ वर्ष प्रवेश गरेको छ भने कमलामाई मिडिया पनि आजैका दिनबाट ३ वर्ष पूरा गरेर ४ वर्षमा प्रवेश गरेको छ ।

त्यसअघि पनि अन्य विभिन्न राष्ट्रिय मिडियामा जिम्मेवारीमा रहेर काम गरेको भए पनि मेरा लागि निश्पक्ष पत्रकारिता गर्नु, दुरदराजका नागरिकका आवाज मिडियामार्फत बुलन्द पार्नु पनि सहज थिएन तर आफ्नो जिम्मेवारीलाई सफलतापूर्वक पूरा गर्दै आजैबाट पत्रकारिताको १६ वर्ष पूरा गरेको छु । पत्रकार संगठनभित्र हक्की, निडर र इमानदार अफिसर तथा रिपोर्टरको छवि बनाएर काम गर्दै गर्दै १५ वर्षे पत्रकारिताको अवधि पूरा भएको पत्तै पाइनँ ।

कार्यक्रम प्रस्तोता हुँदै क्रमागतरुपमा समाचारवाचक, कार्यक्रम प्रमुख, समाचार सहायक, समाचार प्रमुख हुँदै सामुदायिक रेडियो मध्यतराईको स्टेशन मेनेजरसमेत भई काम गरेको अनुभव बटुलेको म, विसं २०६५ साल पुस २७ गते अर्थात आजैका दिनबाट पत्रकारिता पेशामा प्रवेश गरेको थिएँ । सानै उमेरदेखि बोल्न नडराउने म परिवारको जेठो छोरो हुँ । सानैदेखि मेरो चाहना सञ्चारकर्मी बन्ने वा स्वास्थ्यकर्मी बन्ने थियो । संयोग दुवै कुरा सफल भए । हप्तामा एउटा कार्यक्रम सञ्चालकबाट पत्रकारिता क्षेत्रमा प्रवेश गरेको करिब ९ वर्षको अवधिमा एउटा सामुदायिक रेडियोको स्टेशन मेनेजर बन्ने इच्छा पूरा भएको थियो ।

सामान्य रहनसहन र सामान्य नेपाली खानामा रमाउने म भातै खान वा बाँच्नकै लागि पत्रकारिता गर्नु पर्ने बाध्यतामा थिइनँ र छैन पनि । सधैँ लो प्रोफाइलमा रमाउने मलाई रंगीन बजार खासै मन पर्दैन । पहिले नियमित फुटबल र ब्याडमिन्टन खेल्ने गर्थें । पेशाका कारण समय र अवसर अनुसार ठाउँ परिवर्तन गरिरहने भएका कारण अहिले त्यो परिस्थिति मिलेको छैन ।

आवश्यकताअनुसार रातभर पनि जागराम बसिन्छ, दिनभर पनि सुतिन्छ । खाने लगाउने यस्तै भन्ने छैन । जे जस्तो भए पनि हुन्छ । पहिलादेखि नै खासै अध्ययन नगर्ने विद्यार्थी म झन अहिले समय अभावका कारण अध्ययन गर्न पाएको छैन । फुर्सदमा राजनीतिक तथा पत्रकारिता र सामान्य ज्ञानसँग सम्बन्धित किताब पढ्ने गर्छु ।

काम नै फिल्डमा हो । घुमघाम मन परे–नपरे पनि फिल्डमा जानै पर्छ । बाहिर हिँडडुल गर्न त्यति मन पर्दैन । तर बाध्यता छ । कामले गर्दा प्रायःफिल्डमै हुन्छु । त्यसमा पनि प्राय पहाडी तथा दुर्गम र दूरदराजमा काम गर्न मन लाग्छ । प्राकृतिक सौन्दर्यले भरिएको देशका विभिन्न भूभाग नियाल्दै पैदल यात्रा र रिपोर्टिङ गर्न मन लाग्छ । देशको अति दुर्गममा गएर पत्रकारिता गर्ने रहन बाँकी नै छ । स्कुल अध्ययनको समय निकै कष्टपूर्ण थियो । भौगोलिक विकटताका कारण करिब डेढ घण्टा हिँडेर विद्यालय जानु पर्ने बाध्यता थियो । मैले गाउँमा कक्षा ५ सम्म र अलिपर तर घरबाट नै माध्यमिक शिक्षा हासिल गरेँ । त्यसपछि गाउँ भन्दा बाहिरको विद्यालयबाट उच्च शिक्षा हासिल गरेको छु ।

चलचित्रको क्षेत्रमा मलाई खासै मन पर्दैन । नेपाली क्रान्तिकारी, फाइट भएका बम, बारुद पड्किने फिल्म कोठामै बसेर हेर्छु । पछिल्लो समय हेरेको चलचित्र लालसलाम, रातो झण्डा, क्रान्ति र भैरव हो । सानैदेखि अलि छुच्चो स्वभावको थिएँ । धेरै झगडा पनि गरियो । समाजमा अराजकता फैलाउनेलाई निर्मूल पार्नु मेरो उद्देश्य हो र त्यो समाजलाई असर नपर्ने गरी समाजका कलंकलाई निमोठ्न मन लाग्छ ।

त्यसैले पनि पत्रकार नभएको भए समाज सुधारका लागि गाउँका समाजका सामान्य अर्थात् सर्वहारा मानिसको साथमा रहेर सामन्त, शोसक, दलाल, पुँजीवादी र भ्रष्टका विरुद्ध लागिरहेको हुन्थेँ होला । भगवानको कृपाले अहिलेसम्म त्यस्तो ठूलो रोग केही छैन । विद्यार्थी जीवनमा साथीभाइ, आफन्त मलाइ रफ बोल्छ भन्थे, गुण्डा शैलीको छ भन्थे । पत्रकारितामा आएपछि अलि शिष्ट भइयो । आवश्यकताअनुसार शिष्ट, नरम र स्पष्ट बोल्छु जस्तो लाग्छ । कसैले बदमासी गरेको छ भने कुनै हालतमा पनि त्यस प्रकारका गतिविधि स्वीकार नगर्नु मेरो विशेषता हो र अरूले पनि त्यस्तै गतिविधि गरुन् भन्ने लाग्छ ।

> *म कसैलाई 'ज्यू हजुरी' गर्दिनँ र त्यस प्रकारका गतिविधि मन पर्दैन । व्यावसायिक पत्रकारिता मेरो कर्म र धर्म हो । विसं २०६५ पुस २७ गते नेपाली पत्रकारितामा आबद्ध भएको थिएँ । अहिले यो यात्रा १५ वर्ष पूरा गरेर १६ वर्षमा प्रवेश गरेको छ र निरन्तर जारी छ । सुरुमा कार्यक्रम सञ्चालकको रूपमा प्रवेश गरेको थिएँ ।*

अहिले देशका विभिन्न भूभागमा काम गर्दै सामुदायिक तथा व्यवसायिक रेडियो, छापा तथा अनलाइन मिडियामा काम गरेको अनुभव छ । पत्रकारको शान, त्यसमा पनि इमान्दार पत्रकारको अभाव परिपूर्ति गर्न पनि पत्रकारिता क्षेत्रमा लागेँ । सो समयमा म हप्ताको एउटा कार्यक्रम चलाउथेँ । समस्यामा परेकालाई न्याय दिलाउने काम गर्न प्रयास गर्थें । त्यसरी पत्रकारितामा होमिएको मैले आजको दिनसम्म पत्रकार भएकामा आफूले कुनै गल्ती गरेको महसुस भएको छैन । पत्रकारिता गर्ने क्रममा पूर्वाञ्चलकै पहिलो सामुदायिक रेडियो सोलु एफएम सल्लेरी सोलुखुम्बुमा गएपछि नेपाल सरकारको स्वास्थ्यकर्मी भएर सेवा गर्ने अवसर मिलेको थियो । त्यहाँ रहँदा दुवै क्षेत्रलाई निरन्तरता दिएँ । पछि समाचार प्रमुख भएपछि गोर्खाको सामुदायिक रेडियो मनकामना एफएम गएपछि स्वास्थ्य क्षेत्रको यात्रा रोकियो । पत्रकारिता गरेर घर बनाउने, घडेरी किन्ने सवारी किन्ने ऐसआराम गर्ने सोच छैन र कमिसनका भरमा पर्नेछैन साथै समाचार लेख्नेक्रममा देखेका कुरा लेख्ने चलन छ । सुनेका कुरा वास्तविकता केहो भनी बुझेर मात्र समाचार तयार पार्छु । समाचार लेख्ने क्रममा नलेख्न दबाब दिएको मन पर्दैन तर सुझाव ग्रहण गर्छु र पछिल्लो समयमा समाचार नलेख्न कुनै दबाब वा प्रभाव पनि आएको छैन ।

पत्रकारिता क्षेत्रमा भएको कारणले परिवारलाई समय दिन पाएको छैन । परिवारको सधैँ यही गुनासो रहन्छ । पत्रकारिता क्षेत्रमा चुनौती धेरै छन् । व्यावसायिक पत्रकारको हत्या, पत्रकारमाथि आक्रमणलगायतका समस्या नयाँ होइन । भ्रष्टाचार, अन्याय, अत्याचारविरुद्ध डटेर सामना गर्ने बानी परिसकेको छ तर जुन सञ्चारमाध्यमका लागि मेहनत गरेर ज्यान धरापमा राखेर काम गरिन्छ, त्यही सञ्चारमाध्यमले समयमा पारिश्रमिक नदिने र समस्या पर्दा साथ नदिँदा दुःख लाग्छ ।

कुनै पनि पेशामा जोडिएपछि त्यो पेशाको माथिल्लो तहसम्म पुग्ने सपना सबैको हुन्छ । त्यो ममा पनि छ । त्योभन्दा ठूलो सपना एउटा सफल र असल पत्रकार बन्नु हो । देश र जनताको सेवामा निश्पक्षरूपमा लागि स्थापित हुने र पहिचान बनाएर सेवाबाट अवकाश पाउने चाहना सबैमा हुन्छ । काम गर्ने क्रममा पदीय हैसितको मतलब पनि छैन ।

कहिले सानो त कहिले ठूलो आखिर नागरिकको सेवा नै गर्ने हो । आफ्नो जिम्मेवारीको क्षेत्रभित्र कोही अन्यायमा नपरोस्, परिहालेछ भने पीडितलाई के सहयोग गर्न सकिन्छ, तत्काल सहयोग गर्न सकौँ । गरिब, विपन्न, निमुखा, महिला, दलित, अनाथ, ज्येष्ठ नागरिक, बालबालिका र शारिरीकरुपमा अशक्त मानिसको न्यायका लागि छिटोछरितो काम गर्न सकौँ भन्ने लाग्छ ।

पत्रकारिताको धर्मलाई साक्षी राखेर सरोकारवाला निकायसमक्ष त्यस्ता समस्या पुर्याउने प्रयास जारी रहयो र रहिरहने छ ।

एउटा रुँदै आएको पीडितको न्यायका लागि छिटो र सकेको सहयोग गर्न पाएपछि पीडितको अनुहारमा देखिने हाँसो वा खुसी मेरो पनि खुसी हो । अन्याय, अत्याचार, भ्रष्टाचार, घुसखोर, कालोबजारी, पक्षपातीका मलाई देख्ना साथ शिर निहुरिएको देख्दा त्यो मेरो जीवनको सबैभन्दा ठूलो खुसी हो भन्ने लाग्छ । अहिलेसम्म पत्रकारिता पेशा गरेर एक रुपैयाँ पनि कमाएर घरमा




दिएको छैन । किनकी सामान्य खान लगाउन नपुगेर पत्रकारिता पेशा रोजेको होइन । त्यसमा पनि म जहाँ काम गर्छु ,त्यहाँ न्युनतम पारिश्रमिकसमेत पाउँदिनँ । सञ्चार गृहले श्रम शोषण गरिरहेका छन् ।

काम गर्नेक्रममा केही कमिकमजोरी भएका होलान् तर आफूलाई पछुतो हुने कमीकमजोरी केही गरेको छैन । पहिले अध्ययनमा मेहनेत गरिनँ । अरुलाई चाँडै विश्वास गरेँ, त्यो मेरो कमजोरी हो भने कुनै सञ्चारगृहको जिम्मेवारीमा रहँदा तानाशाही तथा हिटलरी व्यवहार देखाएँ तर पनि त्यो संस्थाका लागि थियो । मन्दिर जान्छु तर पूजा गर्न होइन, दर्शन गर्न, देशका करिब चर्चित सबै मन्दिरमा पुगिसेको छु तर पीडितको न्यायका लागि छिटो र सकेको सहयोग गर्न पाउँ, पीडितको अनुहारमा हाँसो वा खुसी ल्याउन पाउँ, अन्याय, अत्याचार, भ्रष्टाचारी, घुसखोर, कालोबजारी, पक्षपातीको भण्डाफोर गर्न पाउँ र एउटा वास्तविक पत्रकारको परिचय बनाउन सकूँ । मन्दिरमा गएर यही माग्ने गरेको छु । मृत्यु प्राकृतिक नियम नै हो । यसलाई सहजरूपमा हेरेको छु । मृत्युसँग डर कहिल्यै छैन।

अन्त्यमा, जन्म दिएर यस धर्तीमा ल्याउने बाआमा, जिन्दगीको यात्राको सफल सहयात्री, अराजक गतिविधि सुधार्न विभिन्न जिम्मेवारी दिने सरकारी सञ्चारमाध्यम राष्ट्रिय समाचार समिति(रासस) र सगरमाथा टेलिभिजनलगायत अन्य निजी सञ्चार गृहहरु, तिनका सञ्चालकहरु, पत्रकारिता पेशामा आवद्ध हुन प्रेरित गर्नु हुने सिन्धुलीका आदरणीय दाई कृष्ण अधिकारी, समाचार लेख्नपढ्न सिकाउने ओखलढुंगाका पूर्णप्रसाद न्यौपाने, विभिन्न पदीय हैसियतमा रहेर काम गर्ने अवसर सृजना गरिदिने स्थानीय तथा राष्ट्रिय सञ्चारमाध्यमहरु र तिनका सञ्चालकहरु, पत्रकारिताक्रममा यात्रामा जोडिनु भएका म भन्दा अग्रह दाजु दिदी तथा सहयात्री साथी, निश्पक्ष समाचार लेखेको भन्दै रिसाउने भ्रष्टाचारी, दलाली, घुसखोरी, कालोबजारी, शोसक र सामन्तहरु, मलाई माया गर्ने, घृणा गर्ने साथै आफू प्रगति पनि नगर्ने र अरुले केही गर्न खोज्यो भने खुट्टा तान्ने, विभिन्न निकायमा उजुरबाजुर गर्नेहरु सबैलाई तथा काम गराउन जान्ने तर पारिश्रमिक दिन नजान्ने सञ्चारमाध्यमहरु र त्यसका सञ्चालकलाई विशेष सम्झिएको छु । चुनौती सामना गर्दै निरन्तर पेसागत रुपमा पत्रकारिता गरिरहने छु । सत्य, तथ्य र निश्पक्ष विषयका साथै दूरदराज मेरो पहिलो रोजाइ हो र निरन्तरता दिइरहने छु ।

उत्खनन्

# गर्छ, साहित्यमा मकवानपुरले गर्छ



• सञ्जय साह मित्र

"

मोफसल भनेर यदि नछुट्याउने हो भने मकवानपुरले साहित्यको नेतृत्व गरिरहेको छ विभिन्न क्षेत्रमा । र, साहित्यमा निसन्देह सबैभन्दा ठूलो कुरो सम्मान हो । सम्मानको हृदयलाई मकवानपुरले विस्तार गरेको छ । सम्मानको आयामलाई पनि विस्तार गरेको छ । साँच्चिकै, साहित्य, कला, सङ्गीत, पत्रकारिता अर्थात् वाङ्मय आदि क्षेत्रका साधकहरुलाई मकवानपुरले गरिरहेको सम्मान अनुकरणीय छ ।



'सहित शब्द र अर्थ काव्य हो, न शब्द मात्र काव्य न त अर्थ मात्र, यिनीहरुको सहभाव नै काव्य हो । –शब्दार्थौ सहितौ काव्यम्)' इसाको छैटौँ शताब्दीमा काव्यालङ्कार भन्ने पुस्तकमा भामहले दिएको यो परिभाषालाई साहित्यको पहिलो औपचारिक परिभाषा मानिन्छ । यसमा काव्य भन्नु चाहिँ साहित्य हो किनभने त्यस युगमा साहित्य शब्दको प्रचलन थिएन र काव्य शब्दलाई साहित्यकै अर्थमा गरिन्थ्यो भन्ने तर्क दिइन्छ । यद्यपि यस परिभाषाको प्रारम्भमा 'सहित' शब्दको प्रयोग गरिएको छ । 'सहित' पनि 'साहित्य' हो भन्ने पनि छन् र 'सहित' को अर्थ 'हितमा आफ्नो हित अर्थात् कल्याण निहित हुन्छ' भनी अथ्र्याउने पनि छन् ।

काव्यभन्दा पनि पहिले समग्र साहित्यलाई 'नाटक' मान्ने वा 'नाटक'लाई 'साहित्य' मान्ने पनि छन् । आचार्य भामहभन्दा निकै शताब्दी पहिले आचार्य भरतमुनिले आफ्नो पुस्तक 'नाट्यशास्त्रम्'मा नाटकसम्बन्धी व्याख्या गरेका छन् । यसै कृतिमा 'नाटक'को बारेमा दिइएको व्याख्यानलाई अहिलेसम्म 'साहित्य'को बारेमा गरिएको चर्चा मानिँदै आएको छ । आदि आचार्य भरतमुनिको श्लोक यस्तो छ ः

"मृदुललितपदाढ्यं गूढशब्दार्थहीनम्,
जनपदसुबोध्यं युक्तिमन्नृत्ययोज्यम् ॥
बहुरसकृतमार्ग सन्धिसन्धान युक्तम्, सभर्वात
शुभकाव्य नाटकं प्रेक्षकानम् ॥

इपू. २०० देखि २०० इसाको बीचको आचार्य मानिने भरतमुनिको यस श्लोकमा प्रयोग गरिएको 'नाटक' शब्दको ठाउँमा 'साहित्य' शब्द बुझ्दा विस्तृत अर्थ हुन्छ भने 'नाटक' शब्द प्रयोग गरेर बुझ्ने हो भने पनि हुन्छ तर यहाँ सन्दर्भ साहित्यको भएकोले यही बुझ्नु उचित हुन्छ ।

अहिले यत्ति नै बुझ्दा हुन्छ कि साहित्यको आरम्भ युगौँयुग पहिलेदेखि भएको हो र यसको लेखन, अध्ययन तथा पठनको काम निकै पुरानो युगदेखि भइरहेको छ । साहित्यमा लाग्नेहरु इस्वी सम्वत् आरम्भ हुनुभन्दा पहिलेदेखि नै जीवित छन् शब्दमा, अध्ययनमा, भावमा र चर्चामा । यसै गरी पाश्चात्य साहित्यमा पनि अरस्तुदेखि नै साहित्यको चर्चा हुन थालेको इतिहास पाइन्छ । अरस्तुलाई त दार्शनिक नै मानिन्छ । दार्शनिक अरस्तुले साहित्यसम्बन्धी निकै लामो व्याख्यान दिएका छन् । त्यसको सार यस्तो छ, 'भाषाको माध्यमबाट गरिने प्रकृतिको कलात्मक अनुकरण नै साहित्य हो ।'

यसरी मनको भावदेखि जीवन वा प्रकृतिको कलात्मक अनुकरण गर्ने काम आदिकालदेखि पूर्वीयदेखि पाश्चात्य जगत्सम्म हुँदै आएको छ । साहित्यले भाषाको सीमालाई मान्दैन र भूगोलको सीमा पनि नाघेको हुन्छ । उसो त माथिका दृष्टान्तहरुले युगको सीमालाई पनि नाघेको स्पष्ट छ । यसैले के मानिन्छ भने नेपाली साहित्यको विकासमा अहिले विश्वभरका नेपाली साहित्यकारको ठूलो योगदान रहेको छ । अर्थात्, अहिलेको नेपाली साहित्य चाहिँ विश्वभरमा रचना भइरहेका विभिन्न विधाको नेपाली साहित्य हो । विश्व साहित्यको एक खण्ड नेपालको साहित्य हो र नेपालको साहित्यको एक खण्ड मकवानपुरे साहित्य हो ।

बागमती प्रदेशको राजधानी हेटौँडा चाहिँ मकवानपुर जिल्लाको पनि सदरमुकाम हो । कुनै बेला मकवानपुर राज्य नै थियो । अझ पुरानो इतिहासमा, कतिपयले दाबी गर्ने गरेका छन्, ताम्सालिङ राज्यको राजधानी पनि मकवानपुर नै रहेको थियो । सडक, यातायात र सञ्चारको विकास भइनसकेको नेपालको आधुनिक, मध्यकालीन तथा प्राचीन इतिहासमा मकवानपुरको आफ्नै सम्मान रहेको छ भने आधुनिक मकवानपुरको सम्मानलाई अझ बढाउने काम साहित्यले गरेको छ ।

साहित्य मकवानपुर जिल्लाको पहिचान बनिसकेको छ । यसैले करिब दुई दशकदेखि मैले मकवानपुरलाई साहित्यको राजधानी भन्ने गरेको छु । यद्यपि पहिले हेटौँडालाई मात्र मानेको थिएँ र छतिवनको साहित्यिक सक्रियता राष्ट्रियस्तरमा चर्चित भएपछि मकवानपुरलाई मान्दै आएको हुँ । मकवानपुरको साहित्यिक सक्रियता गज्जबको छ । मकवानपुरले तत्कालीन नारायणी अञ्चलमा नै बालसाहित्यको पहिलो पत्रिकाको प्रकाशन गरेको थियो । त्यसैको सम्पादकको हैसियतले मैले २०५९ मा भैरहवामा भएको नेपाल बालसाहित्यको १५औँ वार्षिक सम्मेलन तथा राष्ट्रिय बालसाहित्य सम्मेलनमा सहभागी भई कार्यपत्र प्रस्तुत गर्ने अवसर पाएको थिएँ । मकवानपुरले त्यसै ताका एउटा राष्ट्रिय लघुकथा प्रतियोगिता पनि आयोजन गरेको थियो । हेटौँडामा साहित्य संगम मकवानपुर स्थापना भई कार्यरत थियो भने छतिवनमा झरना साहित्यिक परिवार अनि मातृभूमि साहित्यिक परिवार चाहिँ सक्रिय हुन थालेको थियो ।

मकवानपुर साहित्यको दृष्टिकोणले निकै कार्यक्रमहरु गर्ने गरेको छ । मकवानपुरको साहित्यिक कार्यक्रमको स्तरीयता पनि यसको प्रतिष्ठा बनिसकेको छ । वर्षमा दर्जनजति पुस्तकहरु प्रकाशन हुन्छन् । विभिन्न विधाका विधागत साहित्यिक संस्थाहरु पनि गठन भएका छन् । रेडियो, टेलिभिजनमा नियमित साहित्यिक कार्यक्रमहरु सञ्चालन हुन्छन् । हरेक हप्ता औपचारिक साहित्यिक कार्यक्रमहरु भइरहन्छन् । साहित्यले मकवानपुरका अनलाइनहरुमा प्राथमिकता पाइरहेका छन् । यहाँका साहित्यिक पत्रपत्रिकाहरुमा पनि साहित्यले राम्रो सम्मान पाएको छ । केही वर्ष म सम्पादक रहेको कुराकानी साप्ताहिक पत्रिकाले एक पृष्ठ 'साहित्य शृङ्खला' प्रकाशन गर्दै आएको थियो जसको साढे दुई सयभन्दा बढी अंक पु¥याएको थिएँ । साथै मकवानपुरका साहित्यिकारहरुको रचना देशका सबै प्रतिष्ठित साहित्यिक तथा गैरसाहित्यिक पत्रपत्रिका तथा अखबारहरुमा नियमित रुपमै प्रकाशित भइरहेका छन् । अनेक साहित्यिक अभियान पनि यस जिल्लाले चलाइरहेको छ । साहित्यलाई विस्तार गर्न तथा साहित्यकार एवम् साहित्यिक संस्था र पत्रपत्रिकालाई प्रोत्साहन गर्न मकवानपुरमा अनेकौँ पुरस्कार, सम्मान तथा प्रशंसाहरु स्थापना भएका छन् ।

वास्तवमा मकवानपुर जिल्लाको साहित्यले धेरै हदसम्म सर्वसाधारणलाई समाहित गर्न सकेको छ । साहित्यप्रतिको गज्जबको अनुराग देखिन्छ मकवानपुरमा । स्थानीय सरकार र तिनका अंगहरु, विभिन्न शैक्षिक संस्थाहरु तथा अन्य सामाजिक संस्थाहरुको लागि पनि साहित्य सहयोगी सिद्ध भएको छ ।

मकवानपुर, मुख्य गरी हेटौँडा, मा समाजले साहित्यलाई सम्मान दिएको छ र साहित्यले समाजलाई सम्मान दिएको छ । साहित्यले समाजको र समाजले साहित्यको गरी दुवैले एक अर्काको सम्मान पनि बढाएका छन् भन्दा अत्युक्ति नहोला । दुवैको सम्बन्ध नङ र मासुको जस्तै झाँगिदै गइरहेको छ । यसको प्रमाणको रुपमा मकवानपुरमा स्थापना भएका साहित्यिक पुरस्कार तथा सम्मानहरुलाई लिन सकिन्छ । भनिन्छ, मकवानपुरमा स्थापना भएका तथा सञ्चालनमा रहेका साहित्यिक सम्मान तथा पुरस्कारको संख्या सयभन्दा बढी पुगिसकेको छ । साहित्यिक पुरस्कारहरु तथा पुरस्कार वितरणका लागि अक्षयकोषहरु मकवानपुरमा स्थापना हुने क्रम बढेको छ । गत साढे दुई दशकमा मकवापुरे साहित्यले लेखनको स्तरीयता र संख्यामा जति वृद्धि गरेको छ, पुरस्कार र सम्मानमा पनि उत्तिकै प्रतिष्ठा आर्जन गरेको छ । मकवानपुरको साहित्यको परिचय अब पुरस्कार र सम्मानित पनि जोडिन आएको छ । प्रतिस्पर्धा गराएर वा साहित्यको सेवा गरेवापत दुवै किसिमले मकवानपुरले पुरस्कृत तथा सम्मानित गर्दै एकातिर साहित्यकारको हौसला बढाएको छ भने अर्कोतिर उत्कृष्ट साहित्य सिर्जनाको लागि प्रोत्साहनको वातावरण निर्माण गरेको छ । साहित्यसाधकलाई आकर्षणको लागि एउटा माध्यम बनाएको छ र देशभरका साहित्यकारलाई कम्तीमा एकचोटि मकवानपुरको माटोमा टेक्न पाउने अभिलाषा उमारेको छ मन मन्दिरमा ।

मकवानपुरमा विभिन्न संस्थाहरुले पुरस्कारको स्थापना गरेका छन् । ती संस्थाहरुमध्ये साहित्य संगम मकवानपुर, झरना साहित्यिक परिवार मकवानपुर तथा मातृभूमि साहित्य समाज हेटौँडा पुरस्कार तथा सम्मान स्थापना गरेर सम्मानित र पुरस्कृत गर्नमा अग्रणी भूमिका निर्वाह गरेका छन् । यहाँ यी तीन संस्थाद्वारा स्थापित पुरस्कार तथा सम्मानको यहाँ नामोल्लेख गरिएको छ तिनको रकमसहित । यसले पुरस्कार संस्थापकको पनि सम्मानमा वृद्धि हुने विश्वास रहेको छ ।

साहित्य संगम मकवानपुरद्वारा स्थापित सम्मान तथा पुरस्कारहरू

साहित्यकार केशव श्रेष्ठ ज्योतिले कथा संग्रहका लागि 'साहित्य संगम मकवानपुर स्मृति कृति सम्मान' स्थापना गरेका छन् । पुरस्कारको राशि २५ हजार रुपैयाँ नगद र सम्मानपत्र रहेको छ । यसै गरी जेनन नेपाल र समिला दुलालले 'डम्बर पूर्णमाया स्मृति कविता सम्मान' २२ हजार २२२ रुपैयाँ रहेको छ । यसैगरी हास्यव्यंग्यकार भैरव अर्यालको परिवारको सहयोगमा 'भैरव अर्याल स्मृति सम्मान' स्थापना गरिएको छ । यस पुरस्कारको राशि २१ हजार १११ रुपैयाँ रहेको छ

क्रमशः पृष्ठ (घ) मा

# गर्छ, साहित्यमा...




। (हास्यव्यंग्य क्षेत्रमा योगदान दिएकोमा गत वर्षको लागि यो पुरस्कार यस पंक्तिकारलाई दिइएको थियो ।) यसै गरी १५ हजार ५५५ रुपैयाँको 'मकवानपुर साधनाश्री सम्मान' पनि स्थापना गरेको छ साहित्य संगम मकवानपुरले । साहित्यकार विशाल अधिकारी आशुतोषले 'भेषराज अधिकारी स्मृति छन्द सम्मान' स्थापना गरेका छन् । यसै गरी दशहजार रुपैयाँको 'सुभद्रादेवी मदन मुडवरी सम्मान' दीपक मुडवरीले स्थापना गरेका छन् । यसैगरी शिक्षासेवी देवप्रसाद श्रेष्ठले पनि दश हजार रुपैयाँको सम्मान स्थापना गरेका छन् । श्रेष्ठले स्थापना गरेको 'मंगलादेवी श्रेष्ठ स्मृति नारी सम्मान' नारी प्रतिभालाई प्रदान गर्ने गरिएको छ ।
साहित्यकारद्वय ऋषि केबी र पुण्यशीला श्रेष्ठ संस्थापक रहेको 'रामहरि देवु युवा सम्मान' दशहजार रुपैयाँ राशिको रहेको जुन युवा साहित्यकारलाई प्रदान गरिँदै आएको छ । हेटौँडाका पुराना समाजसेवी तथा साहित्यसेवी मुक्तिगोविन्द वैद्य र तारादेवी वैद्य संस्थापक रहेको 'मुक्ति तारा सम्मान' को राशी दशहजार रुपैयाँ रहेको छ ।
यसैगरी साहित्यकार आरसी रिजालले स्थापना गरेको 'णकुमारी स्मृति साहित्य पुरस्कार'को राशी पाँचहजार रुपैयाँ रहेको छ । यो पुरस्कार मकवानपुरका पुराना पुरस्कारहरुमा गनिन्छ ।
यसैगरी मकवानपुरका पुराना साहित्यिक पुरकारमा 'शेषजंग स्मृति कथा पुरस्कार' रहेको छ । शिक्षासेवी डेन्टीजंग शाह संस्थापक रहेको यस पुरस्कारको राशी पाँचहजार रुपैयाँ रहेको छ ।

मकवानपुरमा अर्को अग्रणी साहित्यिक संस्था हो–झरना साहित्यिक परिवार । कुनै बेला छतिवनलाई साहित्यको माध्यमले देशमा चिनाउने झरना अहिले विभिन्न कारणले चर्चामा रहेजस्तै साहित्यिक पुरस्कार तथा सम्मानको लागि पनि चर्चित र सम्मानित छ ।

झरना साहित्यिक परिवार मकवानपुरमार्फत स्थापित पुरस्कार तथा सम्मानहरू

साहित्यसेवी नूरप्रसाद गौतमले 'होमनाथ–टीकामाय प्रतिभा सम्मान' को स्थापना गरेका छन् । सम्मानको राशी २१ हजार १२१ रुपैयाँ रहेको छ ।
साहित्यकार रमेशमोहन अधिकारीले 'शिव–सावित्री अधिकारी स्मृति मुक्तक सम्मान' स्थापना गरेका छन् । सम्मानको राशी १५ हजार ५५५ रुपैयाँ रहेको छ । अधिकारी नै झरना साहित्यिक परिवारका संस्थापक पनि हुन् । साहित्यसेवी विनोद सुवेदीले १५ हजार ५५५ रुपैयाँको 'बाबुलाला–भोजमाया स्मृति प्रतिभा सम्मान' को स्थापना गरेका छन् । यसै गरी साहित्यसेवी अर्पण पराजुली र दर्पण पराजुलीले ७ हजार ७७७ रुपैयाँको 'खडानन्द–मनमाया स्मृति प्रतिभा सम्मान' स्थापना गरेका छन् । यसैगरी राजन दङ्गालले ७,७७७ रुपैयाँको 'सुशीला दङ्गाल स्मृति सिर्जनशील नारी सम्मान' को स्थापना गरेका छन्, यसैगरी ७,७७७ रुपैयाँकै 'सञ्जीवनी बुटी साहित्य सेवा सम्मान' स्थापना तुलसी गिरीले गरेका छन् । झरना साहित्यिक परिवार आफैँ संस्थापक रहेको 'बकैया पत्रकारिता सम्मान' पनि रहेको छ । यस सम्मानको राशी ७,७७७ रुपैयाँ रहेको छ । यसै गरी 'खिमबहादुर खत्री स्मृति कलाकारिता सम्मान' स्थापना भएको छ जसका संस्थापक हुन् भक्तबहादुर खत्री र पुरस्कार राशी रहेको छ सात हजार सात सय सतहत्तर रुपैयाँ । यसैगरी चन्द्रबहादुर राईले स्थापना गरेको 'झरना–बकैया नवप्रतिभा सम्मान' को रकम रहेको छ ५,००५ रुपैयाँ ।
पत्रकारिताको क्षेत्रमा पनि झरनाले एउटा पुरस्कारको स्थापना गरेको छ 'गौकर्ण गौतम स्मृति पत्रकारिता सम्मान' । यस सम्मानका संस्थापक हुन् सोमप्रसाद÷गोवर्धन गौतम र पुरस्कारको राशी रहेको छ ११ हजार १११ रुपैयाँ । सबै पुरस्कार तथा सम्मानहरु सम्मानपत्रका साथ प्रदान गरिन्छन् ।

मातृभूमि साहित्य समाज हेटौँडाद्वारा स्थापित सम्मान तथा पुरस्कारहरू

मकवानपुरको अर्को चर्चित साहित्यिक संस्था हो–मातृभूमि साहित्यिक परिवार हेटौँडा । यसले मकवानपुरे साहित्येतिहासमा यसले पनि निकै विशिष्ट भूमिका खेलेको छ । यस संस्थाको मातहतमा पनि विभिन्न साहित्यिक पुरस्कार तथा सम्मान स्थापना भएका छन् । विभिन्न साहित्यसेवी, समाजसेवी तथा शिक्षासेवीले मातृभूमिलाई माया र साहित्यकारलाई सम्मान गर्न यस्ता पुरस्कार तथा सम्मानको स्थापना गरेका हुन् ।
मातृभूमि साहित्य समाजमार्फत २० हजार रुपैयाँको 'नित्यगोविन्द स्मृति मातृभूमि सङ्गीत पुरस्कार' स्थापना गरिएको छ ।
यसैगरी २१ हजार रुपैयाँको 'मायादेवी मातृभूमि साहित्य पुरस्कार' स्थापना गरिएको छ । यसैगरी १० हजार रुपैयाँको 'हातेमालो मातृभूमि युवा सृजनशील युवा सम्मान' स्थापना गरिएको छ । यसै गरी १५ हजार रुपैयाँको 'क्षेत्रबहादुर बानियाँ स्मृति मातृभूमि सम्मान' स्थापना गरिएको छ । यसैगरी १५ हजार रुपैयाँको 'राजकुमार बानियाँ स्मृति मातृभूमि सम्मान' स्थापना गरिएको छ । यसै गरी ७,५०० रुपैयाँको 'मङ्गलादेवी श्रेष्ठ स्मृति मातृभूमि बाल सम्मान' स्थापना गरिएको छ ।
यसैगरी १० हजार रुपैयाँको 'मञ्जु सुवेदी मातृभूमि सम्मान' स्थापना गरिएको छ । शुभेच्छुकहरुसितको सहकार्यमा यस्ता सम्मानहरुको स्थापना गरिएका हुन् ।
भीम विराग साहित्य, कला, संगीत प्रतिष्ठान, आँचल साहित्य समाज, गजल मञ्च, मुक्तक मञ्चसहित अन्य विभिन्न साहित्यिक तथा विधागत साहित्यिक संस्थाले पनि पुरस्कार तथा सम्मानको स्थापना गरेका छन् । केही क्लब तथा गैरसाहित्यिक संस्थाहरुले पनि यस्ता सम्मान र पुरस्कारमा योगदान दिएका छन् । मकवानपुरमा पुरस्कार तथा सम्मान स्थापनाको क्रम निरन्तर चलिरहेको छ ।
हरेक वर्ष नयाँ नयाँ पुरस्कार तथा सम्मानहरु घोषणा भइरहेका छन् । पुरस्कार तथा सम्मानले सर्वसाधारणको साहित्यिक पहुँच वृद्धि गर्ने काम भइरहेको छ । साहित्यप्रति सर्वसाधारणको सम्मानका साथै लगाव पनि बढिरहेको छ । र, जहाँ प्रज्ञाधारीको सम्मान हुन्छ, त्यहाँको समाजको बौद्धिकता, प्रज्ञा स्वतः स्वाभाविक वा नैसर्गिक रुपले वृद्धि हुन्छ । यद्यपि कलुषित दम्भ भने यसको लागि वर्जित छ ।
मोफसल भनेर यदि नछुव्याउने हो भने मकवानपुरले साहित्यको नेतृत्व गरिरहेको छ विभिन्न क्षेत्रमा । र, साहित्यमा निसन्देह सबैभन्दा ठुलो कुरो सम्मान हो । सम्मानको हृदयलाई मकवानपुरले विस्तार गरेको छ ।
सम्मानको आयामलाई पनि विस्तार गरेको छ । साँच्चिकै, साहित्य, कला, सङ्गीत, पत्रकारिता अर्थात् वाङ्मय आदि क्षेत्रका साधकहरुलाई मकवानपुरले गरिरहेको सम्मान अनुकरणीय छ ।
–मित्रनगर, गरुडा ४, रौतहट

देश

# विप्रेषणको सदुपयोग र अर्थतन्त्रको सबलीकरण



रामकुमार एलन

*अनेक सूचकाङ्कमा बागमती प्रदेश अगाडि नै छ । देशको मानव विकास सूचकाङ्क शून्य दशमलव ६६ मा बागमतीको सूचकाङ्क शून्य दशमलव ६ रहेको छ । देशभरका श्रमिकमा बागमतीका मात्र २८ दशमलव ६४ प्रतिशत छन् । देशभर दुई हजार पाँच सय ८४ मेगावाट विद्युत् खपतमा बागमती एक्लैले एक हजार एक सय ४९ मेगावाट खपत गरिरहेको छ । सेवा क्षेत्रअर्थात् सहज र बढी नाफा हुने उद्यमबाट बागमतीले ७७ दशमलव ४ प्रतिशत योगदान दिइरहँदा बागमती प्रदेशका युवा विदेशिनुपर्ने अवस्था अन्त्य भएको छैन । यसरी वैदेशिक रोजगारीलाई नै अर्थतन्त्रको बलियो मियो बनाउने क्रम विस्तारै नेपालमा भएको धन सम्पत्ति बेचेर विदेसिने अवस्थामा जोडिएको छ । यो क्रमले आर्थिक अवस्था सुधारका सङ्केत देखिँदा पनि फेरि देशमा राजनीति गर्ने विषयवस्तु चाहीँ यही बनिरहेको छ । भए–गरेका प्रगतिलाई पनि दलहरुले 'मसला' बनाउन सकिरहेका छैनन् । जसले मसला बनाइरहेका छन्, उनीहरुले यसलाई नकरात्मक रुपमा प्रस्तुत गरेर निरासा र उत्तेजना विनिमय मात्र गरिरहेका छन् ।*




अङ्ग्रेजी नयाँ वर्ष २०२४ सकियो तर त्यसको रमझमले हामीलाई अझै छाडेको छैन । अङ्ग्रेजी नयाँ वर्षमा हामीले कति खर्च गर्‍यौं होला ? हिसाबकिताब छैन । अब केही दिनमा हामी माघे सङ्क्रान्ति मनाउँदैछौँ । विगतका वर्षमा हामीले माघे सङ्क्रान्ति मनाउँदा तरुल र सक्खरखण्ड मात्रै १३ करोड रुपैयाँ भन्दा बढीको अन्य मुलुकबाट आयात गरेको अभिलेख छ । हामी चाडपर्वलाई सामाजिक हैसियतका रुपमा स्थापित गर्न लागिरहेका छौँ । यो वर्ष क्रिसमसमा काठमाडौँका मेयर बालेन्द्र साहले प्लाष्टिकको बुकेट ल्याउन बन्द गरिदिंदासमेत विरोध गर्ने जमात पनि काठमाडौँमा देखियो ।
चाडपर्वलाई महँगो बनाउनु नयाँ त होइन, तर विगतमा हाम्रा पुस्ता कम चेतनशील थिए र ऋण गरेर चाड मनाउथे, अहिले हामी चेतनाले विकसित हुँदा पनि हैसियतका लागि चाडपर्व मनाउने भएका छौँ । जुन हाम्रो आर्थिक अवस्था जर्जर बनाउने प्रमुख शस्त्र बनिरहेको छ ।
देखासिकी र अभिमानपूर्ण जीवनयापनले समाजमा बिग्रह ल्याइरहेको छ । भन्न चाहीँ हामी समाजवादको अभ्यासमा अभ्यस्त छौँ भनिरहेका छौँ । यस्तो अर्थतन्त्र नै अस्तव्यस्त बनाउने अभ्यस्तपनले आर्थिकरुपमा दरिद्रता बोकेर हामी सम्पन्नताको खोक्रो आडम्बरमा छेलिन विवश छौँ । त्यसैले बागमती प्रदेशका जनताको आर्थिकस्तर देशवासीकै आर्थिकस्तर भन्दा निकै बढीअर्थात् प्रतिव्यक्ति आय दुई हजार चार सय ५५ डलर पुग्दा पनि हाम्रो हालत सुधार्ने विकल्प वैदेशिक रोजगारी मात्र बनिरहेको छ । मधेश प्रदेशमा प्रतिव्यक्ति आय नौ सय ९५ डलर छ र नेपालीको प्रतिव्यक्ति आय एक हजार तीन सय ९९ डलर छ । बागमती प्रदेशको आयस्तर बढेर दुई हजार चार सय ५५ डलर पुग्दा पनि वैदेशिक रोजगारी नै प्रमुख साध्य हो ।
समग्रमा हाम्रो अर्थतन्त्र खाडी मुलुक गएका युवाको रगत पसिनाले चलायमान छ । सन् २०२२ मा मात्रै सात लाख ७५ हजार युवा विदेश गएका थिए । एक लाख १० हजारले पढ्ने अनुमति लिएर गएका थिए भने बाँकी स्वदेशी श्रम बजारमा बेरोजगार भएकाले ऋण काढेर विदेश पुगेका थिए । राज्यले आर्थिक वर्ष २०७९–८० मा एक हजार दुई सय अर्ब विप्रेषण भित्र्याएको छ । करिब ५७ प्रतिशत नेपाली परिवारको दैनिकी यही विप्रेषणले चलेको छ । सुशासन, सङ्घीयता, गणतन्त्रका नारामा देशमा सात सय ५३ सरकार भए पनि जनताको रोजीरोटीको प्रमुख विकल्प हट्टाकट्टाले खाडीमा रगत पसिना बगाउनु नै पर्नेछ ।
विदेशिएकामध्ये ८० प्रतिशतभन्दा बढी श्रमिक खाडी र मध्यपूर्व गइरहेका छन् । औसत उनीहरुले पठाउने वार्षिक पाँच लाख ३२ हजार रुपैयाँ अर्थात् मासिक ४३ हजार तीन सय ३३ रुपैयाँले घरपरिवार, पालिका, प्रदेश, सङ्घ सबै चलेको छ ।
अर्कातिर राजनीतिक नेतृत्व चाहीँ खाडी मुलुकका श्रमिकसँग भन्दा विकसित मुलुकका एनआरएनहरुसँग प्रभावित छ । जबकि नेपाली राजनीतिमा प्रत्यक्ष चासो र दबाब दिने विकसित मुलुकका श्रमिकले नेपालमा जम्मा आठ प्रतिशत रेमिट्यान्स पठाउँछन् । बरु यता भएको घरजग्गा, बैंक ब्यालेन्स, शेयर पनि बेचेर उतै 'स्थायी' भइरहेका छन् । देश गरिब भए पनि अष्ट्रे«लियामा घर किन्नेमा नेपाली सातौँ नम्बरमा रहेको तथ्य बाहिर आएकै विषय हो ।
तथ्याङ्कले के पनि भन्छ भने हामी भारतलाई सालिन्दा एक अर्ब ५९ करोड डलर रेमिट्यान्स पठाउँदा रहेछौँ । अनि भारतबाट चाहीँ बर्सेनि एक अर्ब ५८ करोड डलर ल्याउँदा रहेछौँ । अर्थात् भारतलाई पनि वार्षिक एक करोड डलर विप्रेषण पठाउन हामी ५२ प्रतिशत साहुमहाजनबाट ऋण काढेर सन्तान खाडी र मध्यपूर्व पठाइरहेका छौँ । आएको ४३ हजार ३ सय ३३ रुपैयाँ पनि १८ दशमलव आठ प्रतिशतले घर खर्चमै सकाइरहेका छौँ । तिनको कमाइले कुनै नयाँ उद्यम, रोजगारीको विकल्पसमेत देखेका छैनन् ।
सन्तानले विदेशबाट आइएमई गर्ने र यहाँ निकालेर महिनाभरको खर्च टार्नेमा सीमित भइरहेको छ । हरेक प्रदेशमा महँगी यसरी बढेको छ कि, एउटा श्रमिकको ४३ हजार तीन सय ३३ रुपैयाँले थेग्न नसक्ने अवस्था छ ।
तथ्याङ्कीय हिसाबले मधेश प्रदेशसरह जनसंख्या भएको र हरेक सूचकाङ्कमा अब्बल देखिएको बागमती प्रदेशकै अवस्थामा पनि विप्रेषण जोडिएको छ । देशको कूल जनसंख्याको १७ दशमलव आठ प्रतिशत जनसंख्या घरमा अनुपस्थित छन् । २०७९–८० मा बागमती प्रदेशबाट मात्रै सात प्रदेशभरका विदेसिनेमा १५ प्रतिशतभन्दा बढी छन् । यद्यपि बागमती प्रदेशमा बहुआयामिक गरिबीको तथ्याङ्क सात प्रतिशत मात्र छ । नेपालीको आय एक हजार तीन सय ९९ डलर हुँदा बागमती प्रदेशका नागरिकको प्रतिव्यक्ति आय दुई हजार चार सय ५५ डलर बनाएका त छन् तर यो परिपूर्ण देखिएको छैन । देशकै घरजग्गा कारोबारमा बागमती प्रदेशको मात्र हिस्सा ६४ दशमलव ७ प्रतिशत छ । देशको कूल गार्हस्थ उत्पादनमा बागमतीको योगदान ३८ दशमलव ८ प्रतिशत छ । बैंकले बागमती प्रदेशबाट मात्रै ३७ खर्ब १५ अर्ब रुपैयाँ निक्षेप सङ्कलन गरेको छ । कर्जा लगानी पनि खराब छैन, जम्मा २७ खर्ब १७ अर्ब रुपैयाँ छ । अर्थात् निक्षेप सङ्कलन भन्दा कर्जा लगानी कम नै छ । वित्तीय जोखिम उस्तो देखिएको छैन ।
अनेक सूचकाङ्कमा बागमती प्रदेश अगाडि नै छ । देशको मानव विकास सूचकाङ्क शून्य दशमलव ६६ मा बागमतीको सूचकाङ्क शून्य दशमलव ६ रहेको छ । देशभरका श्रमिकमा बागमतीका मात्र २८ दशमलव ६४ प्रतिशत छन् । देशभर दुई हजार पाँच सय ८४ मेगावाट विद्युत् खपतमा बागमती एक्लैले एक हजार एक सय ४९ मेगावाट खपत गरिरहेको छ । सेवा क्षेत्रअर्थात् सहज र बढी नाफा हुने उद्यमबाट बागमतीले ७७ दशमलव ४ प्रतिशत योगदान दिइरहँदा बागमती प्रदेशका युवा विदेशिनुपर्ने अवस्था अन्त्य भएको छैन । यसरी वैदेशिक रोजगारीलाई नै अर्थतन्त्रको बलियो मियो बनाउने क्रम विस्तारै नेपालमा भएको धन सम्पत्ति बेचेर विदेसिने अवस्थामा जोडिएको छ । यो क्रमले आर्थिक अवस्था सुधारका सङ्केत देखिँदा पनि फेरि देशमा राजनीति गर्ने विषयवस्तु चाहीँ यही बनिरहेको छ । भए–गरेका प्रगतिलाई पनि दलहरुले 'मसला' बनाउन सकिरहेका छैनन् । जसले मसला बनाइरहेका छन्, उनीहरुले यसलाई नकरात्मक रुपमा प्रस्तुत गरेर निरासा र उत्तेजना विनिमय मात्र गरिरहेका छन् ।
विसं २०५९ सम्म ५९ प्रतिशत निरपेक्ष गरिबीको रेखामुनि रहेका नेपाली जनता २०८० मा आइपुग्दा १९ प्रतिशत बहुआयामिक गरिबीको रेखामुनि छन् । यसो भन्नुको तात्पर्य हो, देश ठूलो विप्रेषण भित्र्याएर पनि गरिबीको रेखा कम गर्न लागिरहेको छ । भएका युवा खुरुखुरु विदेसिएका छन् । वश उनीहरुको सुरक्षित आप्रवासन र नेपालमा रहेका परिवारलाई ससम्मान बाँच्न सक्ने अवस्था बनाउनु नै स्थानीयदेखि केन्द्र सरकारको दायित्व हो । किनभने पछिल्लो समय नेपालमा भएका हत्या हिंसा शृंखलामा पनि यिनै विदेशमा बसेका युवाका परिवार जोडिएका छन् । उनीहरुको परिवारका सदस्य अनेक बहानामा असुरक्षामा बाँचिरहेको देखिन्छ । विगत एक वर्षमा १६ लाख नेपाली रोजगारीका लागि, दुई लाख अध्ययनका लागि, ९१ हजार अस्थायी बसोबासका लागि र ७१ हजार स्थायी बसोबासका लागि नेपाली विदेशिए छन् ।
देशभित्रै मर्यादित रोजगारी बनाउने विषयमा केन्द्र, प्रदेश र स्थानीय सरकारको प्रयास भएको देखिँदैन । अर्कातिर सबै सूचकाङ्कले बागमती प्रदेशलाई अब्बल बनाए पनि यहाँका पनि १८ देखि ४० वर्षका उमेरका युवालाई विदेशिन पर्ने बाध्यता निर्माण हुनुमा देशमै दक्ष जनशक्ति आधारित ससाना काम पनि नहुनु हो । विदेश जानै नपर्ने गरी देशमै ४३ हजार तीन सय ३३ रुपैयाँ कमाउन सकिने कामहरु प्रशस्त नभएका होइनन् । तर ती कामहरुमा स्थानीय तहले समेत केही योजना बनाउन सकिरहेको छैन । जुन स्थानीय सरकारका तर्फबाट हुन सक्ने काम हुन् । यसले वडावडामा धेरै युवालाई रमाउन र कमाउन सक्ने बनाउँछ । प्रदेश सरकारले पनि आप्रवासीका विषयमा अनेक औपचारिक कार्यक्रम गरेका भरमा विदेसिनेको विषयमा ठोस योजना बनाउन सकेको छैन । यो विषय औपचारिकतामा सीमित छ । जुन विषयलाई व्यवस्थित गर्न सकिए वडामै युवा व्यवस्थापन हुने देखिन्छ ।
विदेशबाट फर्किएका पनि बेरोजगार नै छन् । बागमती प्रदेशकै तथ्याङ्क हेर्ने हो भने ४१ दशमलव पाँच प्रतिशतले विदेशमा गरेको कामका आधारमा मिल्दोजुल्दो रोजागारी पाएका छैनन् । चीन, भारत, पाकिस्तानलाई पनि हामी विप्रेषण पठाइरहेका छौँ र आफ्ना सक्षम युवा पुस्तालाई चाहीँ जुन प्रदेशमा भए पनि ४० वर्षसम्म बाहिर नै जाऊ भनेर लखेटिरहेका छौँ ।
उनका परिवार विखण्डनमा पर्ला भनेर कुनै चिन्ता लिइएको पनि छैन । वैदेशिक रोजगारीमा गएकाको परिवारलाई यात्रामा सहज बनाइदिने, सिफारिसमा शिघ्र सेवा दिने काम स्थानीय तहको हुनसक्छ । जुन काम हामी एउटा पालिकास्तरीय निर्णयबाट गर्न सक्छौँ । देश फर्केकालाई यहीँ काम गर्ने अवस्था बनाउनु आवश्यक छ ।

# ‘प्रजातन्त्र पुनःस्थापना गर्न नेता पाठकको योगदान महत्वपूर्ण’



**रासस**
**जनकपुरधाम ।**
तत्कालीन पञ्चायत व्यवस्था विरोधी आन्दोलनका अगुवा नेता सत्यनारायण पाठकको ३६औँ स्मृति दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । सहिद सत्यनारायण पाठक प्रज्ञा–प्रतिष्ठान जनकपुरधामको आयोजनामा भएको कार्यक्रमका सहभागीले दलका नेताले प्रजातन्त्र पुनःस्थापनाका लागि नेता पाठकले पुर्याएको योगदानको चर्चा गरे । कार्यक्रमका नेपाली कांग्रेसका नेता बिमलेन्द्र निधिले स्व पाठकले प्रजातन्त्र पुनःबहाली, नागरिक अधिकार र सामाजिक हितका क्षेत्रमा पुर्याएको योगदान महत्वपूर्ण रहेको बताए । विसं २०४५ पुस २६ गते सार्वजनिक जग्गा अधिग्रहण गरी बस्ती बसाउने योजनाविरुद्धको आन्दोलनमा राज्य पक्षले पाठकको हत्या गरेको बताइएको छ । कार्यक्रममा कांग्रेसका केन्द्रीय सदस्य मिनाक्षी झाले परिवर्तन र सार्वजनिक हितका लागि पाठकले पुर्याएका योगदानको स्मरण गरे । कार्यक्रममा कांग्रेस धनुषाका सभापति योगेन्द्र पजियार, जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साह, महन्थ नवलकिशोर बाबा (यादव) लगायतले आपसी सद्भाव, एकता र समन्वयका साथ क्रियाशील हुनसकेमा मात्रै सहिदको सपना हुने धारणा राखे ।

**यस्तो छ पाठकको योगदान**
सहिद सत्यनारायण पाठक प्रज्ञा–प्रतिष्ठानका अध्यक्ष शुभचन्द मिश्रका अनुसार जनकपुरधामा सुरुदेखि नै भित्रभित्रै पञ्चायतविरोधी आन्दोलन भइरहेको थियो । कांग्रेसमा आस्थावान् नेता पाठक पनि सोही आन्दोलनमा सक्रिय थिए । सोही कारण विसं २०४२ जेठ ६ गतेदेखि सुरुआत भएको सत्याग्रहमा क्रियाशील पाठकले गिरफ्तारी दिई नौ महिनासम्म जलेश्वर कारागारमा जीवन व्यतित गरे । काराबासबाट फर्केको केही समय मात्रै भएकाले उनी तत्कालीन पञ्चायती सरकारको नजरमै थिए । यही बीचमा तत्कालीन जनकपु्र नगर पञ्चायतद्वारा जनकपुर–७, ८ र १३ का करिब चार सय ८५ बिघा जग्गा अधिग्रहण गरेर बाहिरका उच्च पदस्थ नागरिकलाई बसोबास गराउनका निम्ति ‘आदर्श नगर’ बनाउने योजना बन्यो । यो योजनामा स्थानीय जनसमुदायको सहमति थिएन । तथापि तत्कालनी जनकपुरका अञ्चलाधीश सूर्यप्रसाद उपाध्याय, प्रमुख जिल्ला अधिकारी बाबुराम पौडेललगायतले सो निर्णय गरेको थियो । घटनाका विषयमा जानकार अभियन्ता प्रफुल्लराज घिमिरेले सो निर्णयविरुद्ध केही जग्गा धनीलगायत जनकपुरका अगुवा तत्कालीन आवास तथा भौतिक योजनामन्त्री डा प्रकाशचन्द्र लोहनी कहाँ निर्णय फिर्ता लिन माग गर्दै ‘डेलिगेसन’मा जाँदा पनि कुनै समाधान ननिस्किएपछि आन्दोलन गर्नु परेको बताउँछन् । त्यो आन्दोलनको संयोजक बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का पूर्वअध्यक्ष दिगम्बर राय थिए । रायले भने, ‘छलफलबाट निष्कर्ष ननिस्किने र नापीका कर्मचारी तथा प्रहरी प्रशासनले जबर्जस्ती गर्न नरोकेपछि आान्दोलनको अवस्था बन्यो । विसं २०४५ पुस २२ गतेपछि धरपकड बढ्न थाल्यो । त्यही क्रममा पुस २३ गते मलाई गिरफ्तार गरियो । हामीले मुआब्जा दिएर अधिग्रहणको सहमति दिनेभन्दा पनि जबर्जस्ती गर्न थालेपछि पुस २६ गते ठूलो आदोलन भयो । त्यही आन्दोलनमा तत्कालीन प्रमुख जिल्ला अधिकारीले आफ्नै अङ्गरक्षकको पेस्तोल छिनेर गोली हान्दा पाठकको निधन हुनपुग्यो ।’
पिता रामचन्द्र पाठकका तीन छोरामध्येका कान्छा सुपुत्रका रुपमा विसं २०१५ मा धनुषा जिल्लाको बघचौरा गाविसमा पाठकको जन्म भएको थियो । हाल पाठकको सम्झनामा सहिद सत्यनारायण पाठक स्मृति प्रज्ञा–प्रतिष्ठान बनाएर उनको सम्झनामा विभिन्न कार्यक्रम हुने गरेका छन् ।

# महानगरद्वारा गिजर मेशिन वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाले महानगरका विभिन्न वडामा रहेका मस्जिदहरुमा गिजर मेशिन वितरण गरेको छ । वीरगंज मुस्लिम उत्थान समितिको समन्वयमा महानगरपालिकाले शुक्रबार विभिन्न वडाका ५ वटा मस्जिदमा एक÷एक थान गिजर मेशिन वितरण गरेको हो । वडा नम्बर २, ३, २८, २९ र ३१ मा रहेका मस्जिदमा एक÷एक थान विद्युतीय गिजर मेशिन वितरण गरिएको वीरगंज मुस्लिम उत्थान समितिका अध्यक्ष अब्बास मन्सुरीले जानकारी दिए । अहिलेको बढ्दो चिसोमा तातो पानीको सेवा उपलब्ध होस् भनेर मस्जिदहरुमा गिजर मेशिन वितरण गरिएको महानगरपालिका नगर प्रमुख राजेशमान सिंहले बताए । शुक्रबार पहिलो चरणमा पाँच वटा मस्जिदमा गिजर प्रदान गरिएको भन्दै उनले महानगरका अन्य वडामा रहेका मस्जिदहरुमा पनि गिजर उपलब्ध गराइने प्रतिबद्धता व्यक्त गरे । गिजर वितरण कार्यक्रममा वीरगंज मुस्लिम उत्थान समितिका सदस्यहरू खुश महम्मद मियाँ, असरद कमाल, सलाउद्दीन मंसूरी, जबार अन्सारी, अफरोज आलमलगायतको सहभागिता रहेको थियो ।

# अज्ञात व्यक्तिद्वारा रिक्सामा आगजनी

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको काटहरिया नगरपालिका वडा नम्बर ५ स्थित एक रिक्सामा आगजनी भएको छ । स्थानीय छोटेलाल साह सोनारको सामान ढुवानी गर्ने रिक्सामा बिहीबार राति अज्ञात व्यक्तिले आगजनी गरेका हुन् । सोनारको मधेश प्रदेश ०३–००२ स २४४३ नम्बरको ईलोडर रिक्सामा राति साढे १२ बजे अज्ञात व्यक्तिले आगलागी गरेको हो । सोनारले बिहीबार काम सकेर आफ्नो घर अगाडी पार्किङ गरी राखिएको थियो । आगोको मुस्लो हेरेर सोनारले घरका सदस्यहरुसहित आगोलाई नियन्त्रणमा लिएका थिए । ढुवानी प्रयोजनमा प्रयोग हुने उक्त रिक्सामा आगजनी कसले गरेको हो भन्ने खुल्न नसके पनि कुनै व्यक्तिले पूर्वाग्रह राखेर आगलागी गरेको हुनसक्ने प्रहरीको अनुमान छ । ईलाका प्रहरी कार्यालय कटहरियाका प्रमुख वरिष्ठ सई अरुण सिंहले घटनाबारे अनुसन्धान भइरहेको जानकारी दिए ।

# असल शिक्षाको अभावकै कारण समाजमा भेदभाव कायमैः मण्डल



“

‘निर्वाचनका बेला कस्तो उम्मेदवारलाई मतदान गरियो भन्ने महत्वपूर्ण सवाल भएकाले केही व्यक्ति विशेषले गरेका बदमासीलाई लिएर सोलोडोलोमा हेरिन हुँदैन । निर्वाचनमा अवसरवादीलाई रोज्ने अनि काँडा रोपेर कमलको फूल पाइन्छ र ?’

**सङ्गीता मण्डल (धानुक)**
**प्रतिनिधिसभा सदस्य**

- *संसदीय मर्यादा विपरीतका कार्यलाई सच्याउँदै लैजानुपर्छ*
- *फितलो शिक्षा र शैक्षिक बेरोजगारीले समस्या निम्त्यायो*
- *पाठ्यक्रममा जीवनोपयोगी सामग्री समावेश गरिनुपर्छ*
- *जनतासँग जनप्रतिनिधिको सहज पहुँच स्थापित हुनुपर्छ*

**काठमाडौँ ।**
राष्ट्रिय हित तथा महिला, मधेशी, दलित, आदिवासी जनजाति समुदायका मागलाई सम्बोधन गर्न संविधानमा छुटेका विषयवस्तुलाई कानुनका माध्यमबाट समावेश गर्न अहिले बढी घोत्लिनुपरेको छ । संविधानसभा सदस्य हुँदा संविधानलाई समावेशी बनाउने सन्दर्भमा दिनरात नभनी चापाचापमा काम गरियो भने अहिले हामी त्यही संविधानमा समावेश गर्न छुटेका र बाझिएका प्रावधान र कानुन मिलाउने काम गरिरहेका छौँ । अहिले संसद्को अधिवेशन नभएकाले ‘मिनी पार्लियामेन्ट’ संसदीय समितिमा सरकारले अघि बढाएका शिक्षा र स्वास्थ्यलगायत विषयका विधेयकलाई सरोकारवालासँग छलफल गरी संशोधनका माध्यमबाट समृद्ध तुल्याउने कार्यमा अहोरात्र खटिरहेका छौँ । मतदाताले हामीलाई कानुन निर्माणका लागि पठाएकाले निरन्तर त्यसमै क्रियाशील हुनुपर्छ भन्ने मान्यतामा म दृढ छु । सबै विषय पढेरमात्र हुन्न कतिपय अभ्यासका माध्यमबाट मात्र जान्न, बुझ्न र राख्न पाइने भएकाले बैठकका अतिरिक्त संसद् र संसदीय अभ्याससम्बन्धी सकेसम्म प्रायः सबै कार्यक्रममा भाग लिने कोसिस गर्दैआएकी छु । सांसद भए पनि महिला भएकाले दैनिक घरव्यवहारको जिम्मेवारी सम्हाल्दै भरसक संसद् र विषयगत समितिका बैठक छाडेको छैन, अधिकांशमै सहभागी हुन्छु ।
बैठक वा कार्यक्रममा बोल्ने/नबोल्ने वा कति बोल्ने आफ्नो स्वभावमा भर पर्छ, तर बोल्नुपर्ने र कुरा राख्नै रहेछ भने कहिल्यै पछि हट्दिन, विषयवस्तु राखेर छाड्छु । शिक्षासम्बन्धी ऐन संशोधन गर्न बनेको विधेयक झन्डै ५० वर्षपछि ल्याइएको छ । त्यस विधेयकका सम्बन्धमा सरोकारवालाका हिसाबले अपाङ्गता भएका व्यक्तिलाई पनि बोलाएर छलफल गरियो । उहाँहरूका कुरा सुन्दा हामी निकै चिन्तित र मर्माहत भयौँ । हामी कहाँ छौँ, राज्य के गर्दैछ, समस्याको समाधान किन नगरिएको होला भनी निरन्तर मनमा प्रश्न उठिरह्यो । एउटा शिक्षकलाई कतिसम्म सङ्घर्ष गर्नुपर्दो रहेछ भन्ने लागेको छ । आँखा नदेख्ने र शारीरिक अपाङ्गता भएका व्यक्तिको पीडा र रोदन सुन्दा राज्यले नागरिकबीच किन यस्तो विभेद गरेको होला भन्ने भान भएको छ । शिक्षकले दीक्षा दिएका व्यक्ति नै अहिले राज्यका माथिल्लो विभिन्न तह र तप्कामा पुगेका छन् । घरपछिको ठूलो शिक्षा प्राप्त गर्ने ठाउँ भनेको गुरुकुल र आधारभूत प्राथमिक विद्यालय नै हो । त्यहाँका शिक्षकको अवस्था आफैँमा अस्तव्यस्तजस्तो देखिन्छ । मनमा पीडा भएकाले त्यहाँ पढाउने शिक्षक कोही खुसी देखिन्नन् । यस विषयमा सरकार, राजनीतिक दल, सांसद वा नागरिक को दोषी भनियो भने म आफैँलाई दोषी सम्झन्छु । किनभने हामीले समयमा कानुन बनाएनौँ र बनेका कानुनको आवश्यक कार्यान्वयनमा ध्यान पुर्याएनौँ नि ! यसबारे सरकारलाई समयमै दबाब दिएनौँ । शिक्षा र शिक्षकको सम्मान नहुने देशले प्रगति हासिल गर्न सक्दैन । दशौँ दिनदेखि शिक्षा विधेयकमाथि समितिमा निरन्तर बहस र छलफल भइरहेको छ, मन्त्रालयका तर्फबाट उठेका प्रश्नमा ठोस नभई टालटुले जवाफ दिने प्रयास भइरहेको छ । विश्वविद्यालयका कुलपति प्रधानमन्त्री स्वयं हुनु्हुन्छ । शिक्षा क्षेत्र किन यस्तो अस्तव्यस्त हुनपुग्यो ? यो कमजोरी सरकारको हो कि हामी ‘माननीय’ को ? अभिभावकलाई पनि उत्तिकै पीडा छ, आफ्ना सन्तानलाई यहीँ पढाएर राष्ट्र सेवामा लगाउने रहर छ तर त्यो अवस्था र वातावरण अहिले यहाँ देखिन्न । अहिले मुलुकमा धेरै कुराको अभाव छ, त्यसो हुनामा असल शिक्षाकै पनि अभाव देख्छु । असल शिक्षाको अभावकै कारण समाजमा विभिन्न प्रथा र जातीय छुवाछूतको विभेद पनि भएको हो भन्ने लाग्छ । विद्यालय तथा विश्वविद्यालयका पाठ्यक्रममा विद्यार्थीलाई आत्मनिर्भर, स्वाभिमान, नैतिकवान् र शिष्ट बनाउने तथा जीवनोपयोगी सामग्री समावेश गरिनुपर्छ । यसबाट विद्यार्थीले इतिहास, भूगोल, समय, परिस्थिति, समाज, देश, विदेश, कर्तव्य र जिम्मेवारी बुझ्न सकून्, देशप्रति गौरव गरून्, कानुनको पालना होस्, राजश्व र करछली जस्ता बेइमानी कार्यमा संलग्न भएको देख्न नपरोस् ।

**कानुन निर्माणमै केन्द्रित**
सांसदले जिम्मेवार भएर समयमै सदन र संसदीय समितिका बैठकमा उपस्थित भई जनता र संविधानले सुम्पिएको कानुन बनाउने मुख्य जिम्मेवारीलाई प्राथमिकतामा राख्नुपर्छ । जनप्रतिनिधि हुनाका नाताले जिल्ला, पालिका र टोलको विकास निर्माणका सन्दर्भमा आउने जनगुनासा कार्यालय, विभाग र मन्त्रालय धाएर गाँठो फुकाउने जिम्मेवारी स्वकीय सचिवमार्फत गर्न सकिन्छ । मेरो जिल्ला महोत्तरीको मुख्य समस्या र प्राथमिकता भनेको शिक्षासँगै स्वास्थ्य, सिँचाइ र खानेपानी नै हो । कानुन निर्माणका विषयमा कोही पनि पूर्ण नहुने भएकाले विधेयकलाई समृद्ध तुल्याउने सिलसिलामा आउने रायसुझावका आधारमा सिक्ने र सिकाउने अभ्यास भइरहेको छ । त्यसमा हामी जति समय दिएर भाग लिन्छौँ, त्यति नै छिटो गुणस्तरीय कानुन तर्जुमा गरेर निकास दिन सक्छौँ । सदनमा आवेग र उत्तेजनामा नआई शालीन, स्वाभाविक र शिष्ट ढङ्गबाटै आफ्ना भनाइ प्रस्तुत गर्न सकिन्छ भन्ने विषयमा राजनीतिक दलबाट आफ्ना सांसदलाई शिक्षा र प्रशिक्षण दिन आवश्यक छ । प्रमुख दलबीच एकार्कालाई शत्रुका रूपमा नभई प्रतिस्पर्धीका रूपमा मात्र हेरिने प्रवृत्ति र ठूलाले शासन गर्नुपर्छ भन्ने मानसिकताले सदनमा बेलाबखत देखिँदै आएको संसदीय अनुशासन र मर्यादा विपरीतका कार्यलाई आगामी दिनमा सच्याउँदै लैजानुपर्छ । विसं २००७ देखिको संसदीय इतिहास हेर्दा धेरैमा देशप्रतिको माया नभई कुर्सीप्रतिको मोहले काम गरेको देखिन्छ । त्यस किसिमको सोच र व्यवहारमा व्यापक सुधारको खाँचो छ । देशमा भ्रष्टाचार बढ्नु र सुशासन कमजोर हुनुमा राजनीतिक क्षेत्र मात्र मात्र नभई कर्मचारीतन्त्र पनि त्यत्तिकै दोषी छ । विश्वविद्यालयभित्रै भ्रष्टाचारका कुरा उठ्दा त्यहाँकै पदाधिकारी र कर्मचारीलाई दोषी मान्नुपर्यो नि ! कसै न कसैका संरक्षणमा त्यस्ता गलत प्रवृत्ति मौलाइरहेको छ भन्ने मूल विषय हो । कानुनबमोजिम प्राप्त सेवासुविधा मात्रै लिएर सबैलाई बाँच्ने र बचाउने अभियानमा जुटनुपर्छ । बलात्कारबाट शिशु जन्माएकी रामगोपालपुरकी युवतीलाई राज्यबाट खोइ त न्याय र संरक्षण भएको ? आवश्यकतानुरुप बनेका कानुन कार्यान्वयन गर्नाको साटो पदीय दुरुपयोग गर्दै जनतालाई तर्साउने काम पनि कतिपय जनप्रतिनिधिबाटै भइरहेको सुनेकी छु । यस्ता प्रवृत्ति पनि हामीले सच्याउनैपर्छ । जनतासँग जनप्रतिनिधिको सहज पहुँच स्थापित हुनुपर्छ । संसद् र संसदीय समितिमा कानुन निर्माण र कोरम पुर्याउने मामिलामा महत्वपूर्ण योगदान दिए पनि महिला भएकै कारण सदन र सरकारमा समान अवसर र पहुँच स्थापित गर्ने मामिलामा भने विभेदको महसुस हामीले गरेका छौँ ।

**स्वदेशमै पसिना बगाऔँ**
निर्वाचनका बेला कस्तो उम्मेदवारलाई मतदान गरियो भन्ने महत्वपूर्ण सवाल भएकाले केही व्यक्ति विशेषले गरेका बदमासीलाई लिएर सोलोडोलोमा हेरिन हुँदैन । निर्वाचनमा अवसरवादीलाई रोज्ने अनि काँडा रोपेर कमलको फूल पाइन्छ र ? कतिपय सञ्चारमाध्यमले पनि विदेश गएपछि सबै चीज सजिलो र ठीकठाक हुन्छ भनी सन्देश प्रवाह गरिरहेको छ, त्यो सबै सही होइन, त्यहाँ पनि निकै दुःख र सङ्घर्ष गर्नुपर्छ । आफ्ना देशमा कुटाकोदालो गर्न हिचकिचाउने र अर्काका देशमा भने तल्लोस्तरको जस्तोसुकै काम गर्न तयार हुने प्रवृत्ति गलत छ । मुलुकको फितलो शिक्षा र शैक्षिक बेरोजगारीले यो समस्या निम्त्याएको हो । सुखदुःख जेजस्तो भए पनि यहीँका कलेज र विश्वविद्यालयमा अध्ययन गरौँ । आफ्नै भूमिमा खनी खोस्री गरौँ, यही भूमिलाई सिञ्चित गरौँ । आज कालो बादल भए पनि भोलि बिहान पक्कै सूर्यको उज्यालो किरण आउने छ ।

# सुनचाँदी पसलको अनुगमन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको बजार अनुगमन तथा व्यवस्थापन समितिले सुनचाँदी पसलको अनुगमन गरेको छ । महानगरपालिकाका उपप्रमुख ईम्तियाज आलमको संयोजकतत्वमा गठित अनुगमन समितिले वीरगंज बजारमा रहेका सुनचाँदी पसलमा अनुगमन गरेको हो ।
सुनचाँदी पसलेले ढक तराजुमा गडबड गरेर ग्राहकलाई ठग्दै आएको गुनासो आएपछि महानगरको अनुगमन समितिले सुनचाँदी पसलहरुमा पुगेर ढक तराजुको मापदण्ड जाँच गर्नुका साथै पसलका आवश्यक कागजपत्र पनि सोधी खोजी समेत गरिएको थियो ।
अनुगमनका क्रममा शंकर साह उपेन्द्र सर्राफ ज्वेलर्स र कोमल कुसुम आभुषण कला केन्द्रले महानगरबाट व्यवसाय दर्ता प्रमाणपत्र नलिएको देखिएकोले सात दिनभित्र कार्यालयमा कागजात लिएर उपस्थित हुन निर्देशन दिइएको अनुगमन टोलीमा सहभागी महानगरपालिकाका अधिकृत विपिन कुमार लाल दासले जानकारी दिए ।

# भन्सार छलीको सामान बरामद

**मधेशदृष्टि**
**बारा ।**
भन्सार छली गरेर ल्याइएको करिब एक लाख ८७ हजार मूल्य बराबरको सामान प्रहरीले बरामद गरेको छ ।
इलाका प्रहरी कार्यालय सिम्रौनगढबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा उक्त सामान बरामद गरेको हो । भारतबाट नेपालतर्फ अवैध रुपमा ल्याइएको ब्लाङकेट, सुती कपडा, लेडिज सुट लगायतका सामान बरामद गरी आवश्यक कानुनी प्रक्रियाका लागि अघि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए ।

# पृथ्वी जयन्ती मनाइयो, पृथ्वीनारायण शाहको योगदानको चर्चा



**मधेशदृष्टि**
**वीरगंज ।**
पृथ्वीनारायण शाहको ३०२ औँ जन्मजयन्ती एवम् राष्ट्रिय एकता दिवस वीरगंजमा विभिन्न कार्यक्रम गरी मनाइएको छ । पृथ्वी जयन्तीको अवसरमा शुक्रबार देशभक्त राजभक्त समूहका केन्द्रिय अध्यक्ष दिपेन्द्र रौनियारको अध्यक्षतामा वीरगंजको महाविरस्थान मन्दिर प्राङ्गणमा माल्यापण कार्यक्रम गरिएको थियो । कार्यक्रममा समूहका अध्यक्ष रौनियार सहित उपाध्यक्ष सतिश श्रीवास्तव, रामनारायण प्रसाद साह कानु, सुशिल लामा, गोपाल श्रेष्ठ, रवि कुमार लाठ, किशोर रौनियारलगायतले पृथ्वी नारायण शाहको योगदानकाबारेमा चर्चा गरेका थिए ।

यसैगरी पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस मुल समारोह समिति पर्साले वीरगंजमा बाजागाजा सहितको ¥याली निकालेको थियो । घण्टाघरबाट बाजगाजासहित निकालिएको ¥याली नगर परिक्रमापछि पुनः घण्टाघरमा पुगि सभामा परिणत भएको थियो । वि.सं. १७७९ पुस २७ गते गोरखामा राजा नरभूपाल शाह र रानी कौशल्यावतीको कोखबाट जन्मिएका पृथ्वीनारायण शाहले नेपाल एकीकरणमा महत्त्वपूर्ण योगदान पुर्याएकाले उनको जन्मजयन्तीका दिन राष्ट्रिय एकता दिवस मनाउन थालिएको हो । पृथ्वीनारायण राजा भएपछि पूर्वमा टिस्टादेखि पश्चिममा चेपे नदीसम्म नेपालको सीमा विस्तार भएको थियो । उनका दिव्योपदेश अहिले पनि उत्तिकै सान्दर्भिक छन् ।

## बीआरआई ऋणजालबाट बच्न अभियानको माग



**मधेशदृष्टि**
**सप्तरी ।**
राष्ट्रिय एकता अभियानले बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) नेपालको लागि ऋणजाल भएको भन्दै यसबाट बाहिर निकल्न नेपाल सरकारसँग माग गरेको छ । सप्तरीको राजविराजमा आयोजित 'राष्ट्रिय स्वाधीनता, बेल्ट एण्ड रोड इनिसिएटिभ (बीआरआई) ऋणजाल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल' विषयक संवाद कार्यक्रममा वक्ताहरुले बीआरआईमार्फत चीनले नेपालमा आफ्नो हस्तक्षेप बढाउन खोजेको आरोप लगाएका थिए । नेपाली काङ्ग्रेसका जिल्ला उपसभापति रामकुमार यादवको अध्यक्षतामा भएको कार्यक्रममा अभियानका केन्द्रीय संयोजक विनय यादवले राष्ट्रिय एकता र विकासका लागि चीनबाट नेपालको राष्ट्रिय स्वतन्त्रताको रक्षा गर्न आवश्यक रहेको बताएका थिए । उनले पोखरा अन्तरराष्ट्रिय विमानस्थलको लागि उपलब्ध गराईएको ऋण भोली नेपालको सार्वभौमसतालाई चुनौती बन्ने खतरा रहेको औंल्याए । अभियानका वरिष्ठ नेता तथा सभासद बीपी यादवले कार्यक्रममा राष्ट्रिय स्वाधीनताको महत्व, देशको आर्थिक दूर्गतीमा बीआईआर ऋणजालको भूमिका र पोखरा अन्तर्राष्ट्रिय बिमानस्थलको व्ययभारबाट हुने आर्थिक नोक्सानका विषयमा आफ्नो धारणा राखेका थिए । अभियानका जिल्ला अध्यक्ष पार्थो सरकारले संचालन गरेको कार्यक्रममा कृष्ण नन्द रजक, इन्जिनियर इन्द्र नारायण देव, डा शिव शंकर यादव, समाजसेवी शंकर सारदा, सामुदायिक प्रहरी सेवा केन्द्रका हितनारायण लाल दास, दिनेश प्रसाद सिंह, अधिवक्ता साधना कर्ण, जसपा नेतृ आशा साह, तरुण दलका सीता प्रसाद यादव, इन्जिनियर जगदीश मेहता, अध्यापक वरुण कुमार कर्ण, ललिता कर्ण, सोनी रजकलगायतले आ–आपनो धारणा राखेका थिए । वक्तहरुले राष्ट्रिय एकता, विकास र समृद्धिका लागि नेपालले चीनसङको बिआराआई सम्झौता खारेज गर्नुपर्नेमा जोड दिएका थिए ।

## १ लाख २५ हजार दीप प्रज्वलन गरिने




**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
भारत, अयोध्यामा २२ जनवरीमा हुने रामललाको प्राणप्रतिष्ठाका बेला जनकपुरधामस्थित जानकी मन्दिरमा १ लाख २५ हजार दीप प्रज्वलन गरिने भएको छ । शुक्रबार कलवार सेवा समितिको सभाहलमा विभिन्न धार्मिक संघसंस्थाको आयोजनामा भएको कार्यक्रममा यस्तो निर्णय गरिएको हो । दीपोत्सवअघि जानकी मन्दिरबाट सियारामको झाँकीसहितको विशाल शोभायात्रा निकालेर नगर परिक्रमा, सात वेदीमा स्वस्तिवाचन र हवन गरिने भएको छ । जानकी मन्दिरमै गंगाआरती हुने छ । अयोध्या कार्यक्रम प्रत्यक्ष प्रसारण गरिने बताइएको छ । जानकी मन्दिरबाहेक जनकपुरधामवासीले घरघरमा रङ्गोली बनाएर दीपोत्सव मनाउने छन् । यसका लागि नगरवासीले तयारी थालेका छन् । जनकपुरधामका मठमन्दिरमा अष्टयाम र भण्डारा पनि आयोजना गरिने छ । यस्तै, सांस्कृतिक कार्यक्रम पनि आयोजना गरिने छ । पवन ठाकुरको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि राष्ट्र सहसंचालक कल्याण तिमिल्सिना, विशिष्ट अतिथि विश्व हिन्दू परिषद नेपालका संगठन मन्त्री प्रह्लादजी, जानकी मन्दिरका महन्त श्रीराम तपेश्वर दास वैष्णव, राम मन्दिरका महन्त श्रीराम गिरी, गुठी संस्थानका प्रमुख आनन्द कर्माचार्य, प्रदीप शर्मा, प्रभुदयाल जालान, मनोहर साह, सन्तोष कुमार साहलगायतका विभिन्न व्यक्तिको उपस्थिति थियो ।

## माघ ११ गते मधेस बन्द गर्ने आजपाको निर्णय

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रभु साह नेतृत्वको आम जनता पार्टीले माघ ११ गते मधेस प्रदेश बन्द गर्ने निर्णय गरेको छ । रौतहटको चन्द्रनिगाहपुरमा बसेको आजपाको मधेस प्रदेशको पदाधिकारिको विस्तारित बैठकले बैंकहरुको मनोमानी ब्याज फिर्ताको माग गर्दै आगामी माघ ११ गते मधेस बन्द गर्ने निर्णय गरेको हो । बैंकहरुले लिइरहेको मनोमानी ब्याज फिर्ता, लघुवित्तीय तथा सहकारीहरुको सम्पूर्ण ऋण मिनाहा तथा आम जनतालाई सहज कार्जा दिलाउन माग ११ गते मधेस बन्द गर्ने निर्णय गरेको आजपाका मधेस प्रदेश अध्यक्ष उमेश कुशवाहाले बताए । उनका अनुसार बैंकको मनोमानीविरुद्ध माघ १० गते आजपाले मधेस प्रदेसको प्रत्येक जिल्लामा मसाल जुलुस प्रदर्शन गर्ने र त्यसको भोली पल्ट माघ ११ गते मधेश बन्द गर्ने निर्णय गरेको अध्यक्ष कुशवाहाले बताए । यस अघि पार्टीले माघ १० गते मधेश बन्द गर्ने घोषणा गरेकोमा बन्द एक दिन पछाडी सारिएको छ ।

## ब्यानर राख्ने विषयमा राजावादीबीच विवाद




वीरगंजको घण्टाघर चोकमा पृथ्वीनारायण शाहको जन्मजयन्ति तथा राष्ट्रिय एकता दिवसको कार्यक्रम मनाउने क्रममा शुक्रबार विहान राजावादीहरुबीच नै विवाद भएको थियो । कार्यक्रममा दलको ब्यानर राख्ने विषयमा राजवादीहरुबीच विवाद भएको हो ।

एकता दिवसको अवसरमा पूर्वराजा ज्ञानेन्द्र साहको स्वागत तथा नागरिक अभिनन्दन मूल समारोह समितिले आयोजना गरेको नागिरक सभा चलिरहेकै बेला राप्रपाका नेता कार्यकर्ताले राप्रपाको ब्यानर राख्न खोज्दा विवाद सृजना भएको थियो । कार्यक्रम चलिरहेकै बेला राप्रपा नेतृ तथा प्रतिनिधि सभा सदस्य विणा कुमारी जयसवालका पति तेजप्रताप सिंह लगायतका राप्रपाका नेता कार्यकर्ताले छुट्टै राप्रपाको ब्यानर राख्न खोजेका थिए । तर, आयोजकका केहि कार्यकर्ताले राप्रपाको ब्यानर हटाइदिएपछि त्यहि विषयमा विवाद सुरु भएको थियो । त्यसपछि दुवै पक्षबीच भनाभन हुनुका साथै सामान्य धकेलाधकेल पनि भएको थियो । राप्रपाको ब्यानर हटाइएपछि कार्यक्रममा अतिथिका रुपमा मञ्चमा आसिन राप्रपा नेतृ तथा सांसद जयसवाललगायत राप्रपाका नेता कार्यकर्ता उठेर हिँडेका थिए ।
त्यसपछि आयोजक संस्थाका अगुवाहरुले विवादलाई साम्य पारी हटाइएको राप्रपाको ब्यानर पुन राख्न लगाएका थिए । तर, राप्रपाको ब्यानर पुनः राखिएपछि कार्यक्रममा सहभागी राष्ट्रवादी संघका नेता कार्यकर्ताले त्यसको विरोध जनाउँदै नाराबाजी गरेर कार्यक्रमस्थलबाट बाहिरिएका थिए ।

कार्यक्रममा आयोजक समितिको बाहेक अन्य कुनैपनि दल वा समूहको ब्यानर नराख्ने सहमति भएपनि राप्रपाका नेता कार्यकर्ताले जबरजस्ती आफ्नो पार्टीको ब्यानर राखेर कार्यक्रम नै भाँड्न खोजेकाले आफूहरु कार्यक्रम छोडेर हिँड्नु परेको राष्ट्रवादी संघका केन्द्रीय अध्यक्ष जनकलाल साहले बताए । माघ १३ गते वीरगंजमा पूर्व राजा ज्ञानेन्द्र शाहको नागरिक अभिनन्दनका लागि २० वटा दल र समुह आबद्ध मूल समारोह समिति गठन गरिएको थियो ।

## सानो पाइला सहकारी पीडितहरुको प्रदशर्न



**मधेशदृष्टि**
**वीरगंज ।**
बचतकर्ताहरुको पैसा फिर्ता नगरेको भन्दै वीरगंजमा सानो पाइला बचत तथा ऋण सहकारी संस्थाविरुद्ध प्रदर्शन गरिएको छ ।

सानो पाइला बचत तथा ऋण सहकारी संस्थाले बचतकर्ताहरुले जम्मा गरेको पैसा फिर्ता नदिएको भन्दै शुक्रबार पीडितहरुले वीरगंजमा शान्तिपूर्ण विरोध जुलुस निकालेका थिए । वीरगंजको टिबडेवाल धर्मशालादेखि निकालिएको जुलुस नगरपरिक्रमा गर्दै घण्टाघरमा पुगेर समापन भएको थियो । सानो पाइला बचत तथा सहकारी पिडित संघर्ष समितिले बचतकर्ताहरुको १ अर्ब भन्दा बढी रुपैया हिनामिना गरेको पिडितहरुले आरोप लगाएका छन् । बचतकर्ताहरुले जम्मा गरेको पैसा माग्न थालेपछि सानो पाइलाका कर्मचारीहरु समेत सम्पर्कविहिन भएका उनीहरुको भनाई छ । पैसा तिर्न कोही पनि सम्पर्कमा नआएपछि पीडितहरुको आग्रहमा महानगरपालिकाले बिहीबार सानो पाइला सहकारीको कार्यालयमा शीलबन्दी गरेको थियो ।

## बरहथवामा गोली काण्डको स्थलगत अनुगमन



**मधेशदृष्टि**
**सर्लाही ।**
बरहथवा नगरपालिका–५ मा प्रहरीको गोली लागि युवकको मृत्यु भएको घटनाबारे अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र एडभोकेसी फोरमको संयुक्त टोलीले पुस २५ गते स्थलगत अध्ययन तथा अनुगमन गरेको छ । सुरक्षाकर्मी र प्रदर्शकारी बीच गत पुस २० गते झडप हुँदा प्रहरीको गोली लागि बरहथवा नगरपालिका–६ बस्ने २६ वर्षीय जय शंकर साहको मृत्यु भएको घटनाको टोलीले स्थलगत अध्ययन तथा अनुगमन गरेको हो । बरहथवा नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्ने विषयमा बरहथवा नगरपालिकाकासँग विवाद हुँदा कांग्रेस लगायतका दलका कार्याकर्ताहरूले बरहथवा नगरपालिकाको कार्यालय र नगर प्रमुख कल्पना कुमारी कटवालको घरमा ढुङ्गामुढा तथा आगजनी प्रयास गरेपछि प्रदर्शनकारी र प्रहरी बीच पुस २० गते झडप भएको हो । सर्लाही होटेल एण्ड पार्टी प्यालेशदेखि उत्तरतर्फ रहेको गोदाम (कुखुराहरुको दान राख्ने स्थान) मा जान लागेको जय शंकर साहलाई बरहथवा नगरपालिका–५ स्थित विधुत प्राधिकरण कार्यालयको पश्चिमतर्फ रहेको बाटोको पुलमा प्रहरीले चलाएको गोली लागी मृत्यु भएको मृतकका दाजु मोहन साहले अनुगमन टोलीलाई बताए । विरोध प्रर्दशमा सहभागी नभएका साहलाई प्रहरीले गोली हानी हत्या गरेको र प्रहरी प्रशासन, राजनीतिक दल र पीडित परिवारको प्रतिनिधिहरुबीच पुस २२ गते लिखित ११ बुँदे सहमति भए पश्चात शवलाई पोष्टमार्टमको लागि प्रादेशिक अस्पताल लगिएको र पोष्टमार्टम पछि शव पाएको पीडित परिवारले जनाएको छ ।
जिल्ला प्रशासन कार्यालय मलंगवामा पुस २२ गते घटनाको विषयमा सर्वदलीय बैठक बसिरहेको बेला प्रहरीले मृतक साहको आमा, भाइ तथा पीडित परिवार र स्थानीयलाई घरभित्र प्रवेश गरी कुटपिट गरेको र मृतकसमेत सञ्चालक रहेको सर्लाही होटल तथा पार्टी प्यालेशको सीसी टिभि तथा झ्यालका शिशाहरुसमेत तोडफोड गरिदिएको मृतकका भन्जा विवेक कुमार साहले बताए ।
बरहथवा नगरपालिकाका नगर प्रमुख कटुवालको घरमा आगजनी तथा तोडफोड गर्न पुगेका प्रदर्शनकारी र प्रहरीबीच झडप हुँदा केहि राउण्ड आश्रु ग्याँसको सेल र ११ राउण्ड गोली फायर भएको इलाका प्रहरी कार्याल्य बरहथवाले जनाएको छ । नगर प्रमुख कटुवालको घर देखि करिब ५ सय मिटरको दुरीमा दक्षिणतर्फ रहेको विधुत प्राविधिकरण कार्यालयको पश्चिम बाटोको पुलमा जय शंकर साह मृत्यु भएको इलाका प्रहरी कार्यालय बरहथवाका इन्स्पेक्टर सुमन बानियाले अनुगमन टोलीलाई जानकारी दिए । त्यसै गरी, पुस २० गते भएको झडपमा ११ जना प्रहरी र पुस २२ गते भएको झडपमा १९ जना प्रहरी घाइते भएको इन्स्पेक्टर बानियाले बताए । घाइतेहरुको उपचार प्रादेशिक अस्पताल मलंगवामा र घाइतेमध्ये असई दुखन यादवको उपचार विरगंज नेशनल हस्पिटलमा गराई थप उपचारका लागि काठमाडौँ लगिएको इन्स्पेक्टर बानियाले जानकारी दिए । 'अस्पतालको विषयमा पुस २० गते सर्वदलीय बैठक बोलाइएको तर बैठकमा अनावश्यक भिड बढाएर नगरपालिका कार्यालय र मेरो नीजि निवासमा ढुङ्गामुढा गरियो', नगर प्रमुख कटुवालले भनिन्, 'बैठक बसेर समस्याको समाधान गर्ने विषयमा नेपाली कांग्रेसका तर्फबाट मधेश प्रदेशका स्वास्थ्य मन्त्री रहेका वीरेन्द्र कुमार सिंहसँग समेत कुराकानी भएको तर नगरपालिका बाहिरबाट नचिनिने मानिसहरु बोलाई नगरपालिकामाथि ढुङ्गामुढा गराइएको र मेरो घरमा समेत ढुङ्गामुढा तथा आगजनी प्रयास गरियो', प्रमुख कटवालले भनिन् । उनले प्रर्दशनकारीहरुले मैले चढेको चार चक्का गाडिमा तोडफोड गर्नुका साथै वडा अध्यक्ष चढने चार चक्का गाडी समेत जलाइएको बताइन् । जय शंकर शाहको मत्यु दुःखद घटना हो र यस घटनाको निश्पक्ष रुपले छानविन गरिनु पर्ने नगर प्रमुख कटवालको भनाइ रहेको छ । गृह मन्त्रालयले पुस २१ गते घटनाको छानविनका लागि तीन सदस्य छानविन समिति गठन गरेको छ । गृह मन्त्रालयका सह–सचिव थानेश्वर गौतमको संयोजकमा प्रहरी नायव महानिरीक्षक सुरेन्द्र मैनाली र राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान निर्देशक भीमबहादुर बुढाथोकी रहने गरी छानविन समिति गठन गरिएको छ । समितिलाई घटनाको बारे सत्य तथ्य पता लगाई सात दिनभित्र प्रतिवेदन बुझाउन भनिएको गृह मन्त्रालयद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । घटनाको स्थलगत अध्ययन, अनुगमन, घटनाका सन्दर्भमा पीडित परिवार, स्थानीय र सरोकारवाला निकायका प्रतिनिधिहरुसँग भेटघाट गरि घटनाको बारेमा जानकारी लिने कार्य भइरहेको इन्सेक मधेश प्रदेश संयोजक राजु पासवानले बताए ।

## उद्घाटन खेलमा आयोजक नेशनल इन्फोटेक विजयी




**मधेशदृष्टि**
**वीरगंज ।**
तेस्रो नेशनल इन्फोटेक अन्तर कलेज टी–२० क्रिकेट कपको उद्घाटन खेलमा आयोजक नेशनल इन्फोटेक कलेज विजयी भएको छ । वीरगंजस्थित नारायणी रङ्गशालामा शुक्रबार भएको खेलमा ग्लोबल बिजनेस कलेजलाई २३ रनले पराजित गर्दै नेशनल इन्फोटेक कलेजले जित हासिल गरेको हो । टस जितेर ब्याटिङ रोजेको नेशनल इन्फोटेकले निर्धारित २० ओभरमा ५ विकेट गुमाउँदै १३६ रन जोडेको थियो । नेशनल इन्फोटेकका लागि नितेश चौधरीले २६ बलमा १ छक्का र ३ चौकाको सहयोगमा ३२ रन जोडे भने संदेश गुप्ताले ३३ बलमा १ छक्का र २ चौकाको मद्दतमा ३० रन जोडे । जवाफी ब्याटिङमा उत्रेको ग्लोबल बिजनेस कलेजले भने निर्धारित २० ओभर खेले पनि लक्ष्य भेटाउन सकेन । उसले २० ओभरमा ९ विकेट गुमाउँदै मात्र १२३ रन जोड्न सक्यो । ग्लोबलका लागि सोनु पटेलले ३७ बलमा ५ चौकाको मद्दतमा ४० रन र ऋतिक पटेलले ३६ बलमा ४ चौकाको सहयोगमा २८ रन जोडे पनि टिमलाई जित दिलाउन सकेनन् । नेशनल इन्फोटेकका लागि ३ ओभरमा २३ रन खर्चेर ४ विकेट लिएका सलमान मन्सूरी प्लेयर अफ द म्याच भए । प्रतियोगिता अन्तर्गत आज शनिबार दुई खेल हुँदैछ । पहिलो खेलमा वीरगंज पब्लिक कलेज र वीरगंज कलेजबीच प्रतिस्पर्धा हुनेछ भने दोस्रो खेलमा वीरगंज सेन्ट्रल कलेज र सेन्ट जेभियर्स आमने सामने हुने छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम–२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१–५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन